पाँच

रणभूमिको रूपमा शिक्षालय : पञ्चायतकालीन शिक्षा-राजनीति

लोकरञ्जन पराजुली

नेपालको "आधुनिक" औपचारिक शिक्षा प्रणालीको इतिहास धेरै लामो छैन । जहानियाँ राणाहरूले, केही अपवादलाई छाडेर, आफ्नो एक शताब्दीभन्दा लामो शासनकाल (सन् १८४६–१९५१) मा सामान्यजनलाई शिक्षा हासिल गर्नबाट वञ्चित गरेका थिए ।[१] सन् १९५१ मा राणा शासन समाप्त हुँदा मुलुकको साक्षरता (अर्थात् सामान्य लेखपढ गर्न जान्ने) दर २ प्रतिशतभन्दा कम हुनुले पनि यो कुरा धेरै हदसम्म पुष्टि गर्छ (हेर्नुहोस्, पाण्डे, के.सी. र ऊड सन् १९५६) । राणा शासन पतन पछिको एक दशक (सन् १९५१–१९६०) राजनीतिक हिसाबले गञ्जागोलपूर्ण रहे तापनि यो अवधिमा मुलुकको शिक्षास्थितिमा ठूलै परिवर्तन देखियो—शिक्षालय एवं विद्यार्थी तथा शिक्षकको संख्या ह्वात्तै वृद्धि भयो (श्री ५ को सरकार २०१८ख; हेर्नुहोस्, तालिका २) ।[२]

यो "प्रजातान्त्रिक" दशकमा मुलुकैभर ठूलो संख्यामा सामान्यजनहरू आफ्ना पारिवारिक संगठन/संरचनाबाट बाहिर निस्के, र समाजको सुधार र उन्नति खातिर विभिन्न सार्वजनिक गतिविधिमा सक्रिय भए। थरिथरिका, पहिले कहिल्यै नदेखिएका, नसुनिएका संघ-संस्था खुले : विद्यालय सञ्चालक समितिदेखि टोल/ग्राम सुधार समिति, साहित्यिक संगठन, पुस्तकालय, नाट्य समूह, महिला संगठन, दलित संगठन, किसान संगठन र उद्योगी/व्यापारी/शिक्षक/कर्मचारी

[१] राणाकालीन शैक्षिक नीतिबारे थप जान्न पराजुली (सन् २०१२, सन् २०१९) हेर्नुहोस् ।

[२] सन् १९५१–१९६० को दशकको गञ्जागोलपूर्ण राजनीतिको विस्तृत विवरणका लागि जोशी र रोज (सन् १९६६) हेर्नुहोस् ।

संगठनसम्म । नयाँ-नयाँ पत्रपत्रिका र राजनीतिक संगठनहरूको उभार उत्तिकै देखियो । यी सबै संघ-संस्थामा समाजका विभिन्न तह र तप्काका मानिस सामेल भए, र समाजका बृहत्तर स्वार्थहरूलाई अघि बढाए (हेर्नुहोस्, मल्ल सन् १९७९; पराजुली सन् २००९) ।

जब डिसेम्बर १५, १९६० मा संवैधानिक भनिएका शाह राजा महेन्द्रले "कू देता" गरे, र देशको शासन-सत्ता जनप्रतिनिधिबाट खोसेर आफ्नो हातमा लिए, तब समाज परिवर्तनको यो धार नाटकीय हिसाबले परिवर्तन भयो । यद्यपि, यो शाही कूपछि गठन भएका विभिन्न सरकारले पनि "शिक्षाको विकास" को मन्त्र जपना गरिरहे । शाहकाल (सन् १९६०–१९९०) मा शिक्षामा मूलतः दुई नीतिगत हस्तक्षेप गरिए—पहिलो, महेन्द्र शाहले शासनसत्ता हातमा लिए लगत्तै, सन् १९६१ मा । अर्को, एक दशकपछि, सन् १९७१ मा । ती दुवै नीतिगत हस्तक्षेपको आलोचनात्मक समीक्षा यो लेखमा गरिएको छ । सँगै, कुन सामाजिक-राजनीतिक परिवेशमा ती नीति ल्याइएका थिए, एवं त्यस्तो नीतिगत हस्तक्षेप पछाडिको राजनीति के थियो, सो यो लेखले केलाउँछ । त्यस बाहेक, समग्र शिक्षामा त्यस्तो हस्तक्षेपले पारेको प्रभाव (अपेक्षित र अनपेक्षित दुवै) पनि लेखमा केलाइएको छ ।

सन् १९६० पछि शैक्षिक संस्थाहरू कसरी बिस्तारै राज्य र (प्रतिबन्धित) राजनीतिक दलका कार्यकर्ता/समर्थकहरूको क्रीडास्थल बन्न पुगे भन्ने यो लेखले देखाउँछ । राज्यले विद्यालय सञ्चालक/व्यवस्थापन समितिहरूलाई नियन्त्रणमा लिने प्रयत्न गऱ्यो, र त्यसमा ऊ धेरै हदसम्म सफल समेत भयो । शाह काल (पञ्चायती व्यवस्था) को पहिलो दशकका शैक्षिक नीति केलाउँदा राज्यका एजेन्ट (कर्ता) हरूको पहुँच र नियन्त्रणमा शनैःशनैः सार्वजनिक विद्यालयहरू पुगेको देखिन्छ । यद्यपि, केही निश्चित कारणहरू—जस्तै, वित्त, शिक्षक र विद्यार्थी—ले गर्दा विद्यालयमा व्यवस्थाविरोधी अभियन्ताहरूको भूमिका र सक्रियताले निरन्तरता पाइरह्यो । र, पञ्चायतकालमा राज्यको सञ्चालन, उपस्थिति, र वैधतालाई चुनौती दिने प्रमुखतम् वृत्त शैक्षणिक क्षेत्र हुन पुग्यो । यही कारण समग्र सामाजिक-राजनीतिक जीवनलाई आफ्नो शिकञ्जाभित्र ल्याउन तात्कालिक राज्यसत्ताले दुई चुच्चे रणनीति लियो भन्ने मेरो तर्क छ । एउटा रणनीति राजनीतिक क्षेत्रमा लागू गरिएको थियो—गाउँ फर्क राष्ट्रिय अभियानको नाउँमा (हेर्नुहोस्, बराल सन् १९७६; बराल सन् २०१२[सन् १९७७]; शाह सन् १९७८) । अर्को चाहिँ, राष्ट्रिय शिक्षा पद्धतिको योजना (यसपछि नयाँ शिक्षा योजना भनिने) को नाउँमा शैक्षिक क्षेत्रमा लागू गरिएको थियो । पहिलो रणनीतिलाई सन्दर्भमा राख्दै यो लेख राज्यसत्ताको पछिल्लो रणनीतिमा मूल रूपमा केन्द्रित छ ।

मुलुकको समग्र शिक्षा पद्धतिलाई आमूल परिवर्तन गर्ने भनेर शाही सरकारले नयाँ शिक्षा योजना लागू गरेको थियो । शासकहरूले "मूलतः आम सचेतना तयार गर्न सक्नुमा" नै पञ्चायत प्रणालीको सफलता अन्तर्निहित रहेको देखेका थिए (एचएमजी २०२८ : १४),

जुन "शिक्षा र राज्य व्यवस्थामा घनिष्ठ सम्बन्ध" नहुँदासम्म सफल हुने कुनै सम्भावना थिएन (श्री ५ को सरकार २०२८ : २) । त्यसैले, उक्त योजनाले "शिक्षाको उत्पादनलाई राज्य र विकासका लागि चाहिने लगानीको रूपमा प्रयोग गर्ने" चाहेको थियो (श्री ५ को सरकार २०२८ : २) । नयाँ शिक्षाको मूल ध्येय राष्ट्रलाई आवश्यक पर्ने "म्यानपावर" (जनशक्ति) उपलब्ध गराउनु हो भन्ने बारम्बार उद्घोष गरिएको थियो (हेर्नुहोस्, एचएमजी २०२८) । मुलुकमा खास गरी प्राविधिक जनशक्तिको अभाव थियो नै, तर सरकारले दाबी गरे झैं नयाँ शिक्षा योजना सो अभाव पूर्तिका लागि मात्र ल्याइएको थिएन; मुख्य ध्येय त सार्वजनिक जीवन उपर सत्ताको पकड थप मजबुत तुल्याउनु थियो भन्ने मेरो तर्क छ । यसका लागि शैक्षिक क्षेत्रलाई पूरै आफ्नो शिकञ्जामा पार्ने र पहिलेका (तात्कालिक अवस्थामा प्रतिबन्धित) राजनीतिक दलका कार्यकर्तालाई शिक्षा क्षेत्रबाट उखेलेर फ्याँक्ने उक्त योजनाको ध्येय थियो । यस्तो शैक्षिक हस्तक्षेपका अपेक्षित र अनपेक्षित परिणाम देखिए—नेपालको शिक्षा क्षेत्रले बाटो बिरायो ।

परिचय र निष्कर्ष बाहेक जम्मा पाँच खण्डमा यो लेख बाँडिएको छ । पहिलो खण्डमा संक्षिप्तमा सन् १९६० पछिको राजनीतिक परिवेशबारे चर्चा गर्नेछु, जसको पृष्ठभूमिमा यी शिक्षा योजना बनाइएका र कार्यान्वयन गरिएका थिए । त्यसपछि, पञ्चायतको पहिलो दशकका शैक्षिक नीतिहरूको चर्चा गर्नेछु । त्यस पछिको खण्डमा नयाँ शिक्षा योजना सम्बन्धमा सरकारी दाबी/नीति उल्लेख गर्नेछु । अर्को खण्डमा नयाँ शिक्षा योजनाका सरकारी दाबीलाई आलोचनात्मक हिसाबले केलाउनेछु । अन्तमा, यो नीतिले पारेको (अपेक्षित/अनपेक्षित) प्रभावबारे उल्लेख गर्नेछु, जसका लागि कास्की/पोखरा क्षेत्रबाट उदाहरण लिनेछु ।

सन् १९६० को "कू देता" पछिको राजनीतिक परिवेश

तात्कालिक राजा महेन्द्र शाहले डिसेम्बर १५, १९६० का दिन नेपाली सेनाको सहयोगमा "कू देता" गरे, र मुलुकको सम्पूर्ण शासनभार आफ्नो कब्जामा लिए । जम्माजम्मी डेढ वर्षअघि मात्र मुलुककै इतिहासमा पहिलो पटक जनताले चुनेर पठाएको संसद्लाई उनले बलात भंग गरे; जननिर्वाचित प्रधानमन्त्री र अन्य मन्त्री तथा सांसद एवं राजनीतिक नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी जेलमा जाके । राजनीतिक दल र तिनका भ्रातृ संगठनहरू उपर प्रतिबन्ध लगाए, अनि नागरिक अधिकारहरू खारेजी गरे । तात्कालिक सत्तासीन दल नेपाली काँग्रेसलाई उनले "मुलुकमा शान्ति तथा सुव्यवस्था कायम गर्न नसकेको," "जनता र राष्ट्रिय स्वार्थलाई तिलाञ्जलि दिएको," एवं "राष्ट्रिय एकतामा खलल पुऱ्याएको" जस्ता आरोप लगाए (एचएमजी मिति उल्लेख नभएको ४–५) । जननिर्वाचित सरकार र दलहरूका कारण मुलुकको भौगोलिक अखण्डता र सार्वभौमसत्ता उपर खतरा मण्डराएको

दाबी पनि उनको थियो (एचएमजी मिति उल्लेख नभएको १९; बराल सन् २०१२[सन् १९७५] पनि हेर्नुहोस्) ।

शासनको बागडोर हातमा लिएको करिब दुई हप्ताभित्र (डिसेम्बर २६ मा) महेन्द्रले आफ्नै नेतृत्वमा मन्त्रिपरिषद् गठन गरे, र आफूलाई (पदअवनति गरेर) "डिफ्याक्टो" प्रधानमन्त्री तुल्याए । उक्त मन्त्रिपरिषद्मा केही उनका विश्वासपात्र थिए भने केही नेपाली काँग्रेसका नेता थिए, जो आफ्नो दल र नेतालाई धोका दिँदै महेन्द्रको कदमलाई साथ दिन गएका थिए । केही समयपछि महेन्द्रले राष्ट्रिय निर्देशन मन्त्रालय गठन गरे, जसलाई पछि नामकरण गरिने पञ्चायत प्रणालीको सैद्धान्तिक आवरण तयार गर्ने दायित्व सुम्पिइएको थियो । विभिन्न पेसा-व्यवसायका र अझ खास गरी विद्यार्थीहरूलाई सबै साँस्कृतिक, सामाजिक र वैचारिक फाँटमा सक्रिय रही देश सेवामा समर्पित हुन सो मन्त्रालयले अभिप्रेरणा दिने महेन्द्रको दाबी थियो (एचएमजी मिति उल्लेख नभएको : ३४) ।

शाही "कू" को करिब एक महिनापछि (जनवरी १२, १९६१ मा) महेन्द्रले *नेपाल विशेष व्यवस्था ऐन, २०१७* लागू गरे । यो ऐन मार्फत उनले बाँकी बचेका शक्ति आफूमा केन्द्रित गरे । अब विधिवत् नै मन्त्रिपरिषद्को खासै कुनै अधिकार बाँकी रहेन; परिषद् महेन्द्र मातहत थियो र उनले आफूखुसी जे पनि गर्न सक्दथे । शासन-सत्ता उपरको आफ्नो पकड थप मजबुत बनाउन महेन्द्रले प्रशासनिक क्षेत्रमा व्यापक फेरबदल गरे । निजामती सेवा ऐन र नियमावली उल्लंघन गर्दै सयौँ उपल्ला दर्जा र तल्ला दर्जाका कर्मचारी सरुवा गरिए, खोसिए । प्रहरी सेवामा व्यापक फेरबदल गरियो, अनि सेनालाई पनि पुनःसंरचना गर्दै प्रत्येक जिल्लामा उसको उपस्थितिको प्रबन्ध मिलाइयो (हेर्नुहोस्, जोशी र रोज सन् १९६६; चौहान सन् १९७०; बराल सन् २०१२[सन् १९७४]ए) ।

प्रतिबन्ध लगाइएका विपक्षी दल र तिनका शुभेच्छुक/कार्यकर्ताहरूबाट उत्पन्न हुन सक्ने खतरालाई दृष्टिगत गर्दै त्यस्तो खतरा रोक्न थुप्रै अध्यादेश र निर्देशनहरू जारी गरिए ।[३] तीमध्ये *विशेष परिस्थित नियन्त्रण ऐन, २०१७* ले नागरिकको खाने, बस्ने, संग्रह गर्ने, बोल्ने, हिँडडुल गर्ने जस्ता गतिविधिमा समेत राज्यलाई प्रतिबन्ध लगाउन सक्ने अधिकार दिएको थियो र सोविरुद्ध अदालतमा प्रश्न उठाउन नसकिने भनिएको थियो । विभिन्न मुकामहरूमा दौडाहा टोलीहरू खटाइएका थिए, जसले पतन भइसकेको राणा शासनको झल्को दिन्थे ।[४] यथास्थानमै र तत्कालै "न्याय" दिने नाउँमा तिनले गाउँगाउँमा "कंगारू कोर्ट" चलाए ।

[३] यीमध्ये केही थिए : *विशेष परिस्थिति नियन्त्रण ऐन, सार्वजनिक सुरक्षा ऐन (संशोधित), विध्वंशात्मक काम रोक्ने र विध्वंशकारीको दमन गर्ने ऐन*, आदि (हेर्नुहोस्, श्री ५ को सरकार २०१८क) ।

[४] राणा शासनको समाप्तिपछि दौडाहाको व्यवस्था खारेज गरिएको थियो, तर तिनलाई महेन्द्रले शासनसत्ता हातमा लिएपछि पुनःजीवन दिइएको थियो ।

सार्वजनिक सुरक्षा कानूनमा संशोधन गरेर सरकारी कर्मचारी, निजामती र सैनिक पेन्सन-वालाहरू, सरकारी सहयोगप्राप्त शैक्षिक संस्थाका प्रमुखहरू, जमिनदारहरू, तालुकदारहरू, साना किसानहरू, पटवारीहरू र विद्यार्थीहरूका आमाबाबु र अभिभावकहरूलाई राजनीतिमा संलग्न हुनबाट रोकियो । अनि, चाहे आफ्नै परिवारका सदस्य हुन्, वा आफ्ना वडा-गाउँ-टोलका वासिन्दा किन नहोऊन्, कोही पनि व्यक्ति यदि सरकार/व्यवस्था विरोधी गतिविधिमा सामेल भएको थाहा पाएमा सोको जानकारी यथाशक्य चाँडो प्रहरीलाई उपलब्ध गराउनु वाञ्छनीय बनाइयो । थाहा पाईपाई सूचना लुकाएमा दण्ड-सजाय गरिने भयो; उनीहरूको आफ्नो जमिनमाथि हकअधिकार वा पेन्सन समेत हरण हुन सक्थ्यो (बराल सन् २०१२[सन् १९७४]ए :१९९) । सर्वसाधारणले सरकारविरोधी राजनीतिक गतिविधिमा भाग नलिनु मात्र पर्याप्त भएन, उनीहरूले आफ्नो वरपर हुने/भइरहेका "संदिग्ध गतिविधि" उपर निगरानी समेत राख्नुपर्ने भयो र सोको जानकारी सम्बन्धित सुरक्षा निकायलाई दिनुपर्ने भयो । अर्थात्, प्रत्येक नागरिकले जासूसको काम गर्नुपर्ने भयो । यतिसम्म कि, सरकारी सहायताप्राप्त स्कूल र अभिभावकहरूले उनीहरूका बच्चा/विद्यार्थीलाई सरकारविरोधी गतिविधिमा सामेल हुनबाट रोक्न वा कथं सामेल भएमा र सोको सूचना दिन नसकेमा उनीहरू पनि दण्ड-सजायको भागी बन्ने भए ।

भर्खरै पाइला टेक्दै अघि बढ्दो शैशवकालीन नेपाली सञ्चार क्षेत्र उपर राज्यले गरेको हस्तक्षेपबाट पनि तात्कालिक शाही सरकारको तानाशाहीपना अनुमान लगाउन सकिन्छ । पत्रपत्रिकाको संख्या कटौती गरेर सानो संख्या र सरकारी नियन्त्रणमा मात्रै पत्रपत्रिकालाई चल्न दिने प्रयत्न सरकारको थियो (बराल सन् २०१२[सन् १९७४]ए; देवकोटा २०५९) । पत्रपत्रिकालाई राजनीतिमा असंलग्न हुन भनिएको थियो, र सरकारी कदमहरूको आलोचना गर्न नपाइने बनाइएको थियो । सरकारी निर्देशन उल्लंघन गर्ने पत्रिका र सम्पादक/पत्रकारलाई दण्ड-सजाय दिइएको थियो । सबै जसो पत्रपत्रिका सरकारसामू निरीह बने, र सरकारी नीतिको डम्फू बजाउँदै र मौका-बेमौकामा खास गरी राजाको महिमामण्डन गर्न थाले । केही पत्रिका/पत्रकारले त नागरिक अधिकार निलम्बन गर्ने सरकारी कदमलाई पनि उचित ठहऱ्याए—नेपालीहरूका लागि त्यस्ता अधिकार विलासिता हुन् भनेर तिनले लेखे (बराल सन् २०१२[सन् १९७४]ए; देवकोटा २०५९) ।[५]

[५] यी विशेष कानूनहरूबारे पत्रपत्रिकाले प्रकाशन गरेका सामग्री चाखलाग्दा छन् । एउटा पत्रिकाले लेखेको थियो—यदि कुनै राजनीतिक दलको सरकारले यस्तो अध्यादेश ल्याएको हुँदो हो त यसको हामीले पूर्णतः विरोध गर्दथ्यौँ । तर, यो नेपालका सर्वोच्च नायक श्री ५ महेन्द्रको नेतृत्वको सरकारले लागू गरेको हुँदा हामी यसको स्वागत गर्दछौँ (बराल सन् २०१२[सन् १९७४]एः २०० मा उद्धृत) । पञ्चायतकालमा प्रोपागाण्डाका लागि रेडियोलाई राज्यले कसरी प्रयोग गरेको

सन् १९६० को महेन्द्र शाहको "कू" धेरै हदसम्म "सफल" देखियो, किनभने बहुदलीय प्रजातन्त्र र संसदीय व्यवस्थाको समाप्तिपछि बलियो र संगठित विरोधी-गतिविधि खासै देखिएन । प्रतिबन्ध लागेका दलका भूमिगत कार्यकर्ताहरूबाट केही स्थानमा छिटपुट विरोधका गतिविधि भए पनि तिनबाट शाहीसत्तालाई तत्काल कुनै ठूलो खतराको संकेत देखिएन । यस्तै छिटपुट र अप्रत्यक्ष प्रतिरोधको उदाहरण कतिपय सार्वजनिक विद्यालयका सञ्चालक समितिका गतिविधि थिए । दोलखा, रामेछाप, सर्लाही, सिन्धुली, महोत्तरी, आदि जिल्लाका विद्यालयका सञ्चालक समितिहरूले सन् १९६० को कदमपछि सरकारी अनुदान/सहयोग अस्वीकार गर्ने निर्णय गरे । तर, विद्यालयहरू आत्मनिर्भर थिएनन्; त्यसैले शिक्षकहरूलाई न्यूनतम तलब खुवाउन पनि यस्तो सरकारी अनुदान/सहायता चाहिन्थ्यो । सरकारी सहयोग नहुँदा शिक्षकहरूले या तलब पाएनन् या पाउँदाको घडीमा पनि अपूर्ण तलब पाए (शर्मा २०६२) । पूरा/तलब नपाएपछि राजनीतिक दलहरूसँग प्रत्यक्ष-अप्रत्यक्ष जोडिएका शिक्षकहरूले फेब्रुअरी १२, १९६१ देखि आन्दोलन गर्न थाले । केही सातासम्म त सरकारले कान ढालेर बस्यो, तर शिक्षक हड्तालका कारण शैक्षिक वातावरणमा असर पर्न थालेपछि उसले एक सदस्यीय दौडाहा टोली गठन गरेर "समस्या समाधान" गऱ्यो (शर्मा २०६२) । कोरा शक्ति र कानून लगाएर सरकारले आन्दोलन तुहाइदियो—शिक्षक आन्दोलनले साधारणजन र प्रतिबन्धित दलबाट पनि राम्ररी सहायता पाउन सकेन ।[६]

यसरी सर्सर्ती हेर्दा स्थानीय अभियन्ताहरूको संगठित शक्ति उपर सरकार हावी भएको देखियो । तथापि, सँगै यसले सरकारको कमजोर पक्ष पनि उजागर गरिदियो । किनभने, अरू सामाजिक संगठन जस्तो शिक्षालयहरू झ्याप्पै बन्द गर्न सरकारलाई सजिलो थिएन । शिक्षा-विकासको नारा उराल्ने सरकारले शिक्षालयहरू बन्द गरेको समाचार बाहिर जाँदा सर्वसाधारण र अन्तर्राष्ट्रजगतको नजरमा सरकारको वैधतामा प्रश्न उठ्ने थियो, जसको प्रत्यक्ष-अप्रत्यक्ष सहयोगबिना सरकार धरमराउँथ्यो । शिक्षा क्षेत्रमा देखिएको यो असमञ्जस राज्य र व्यवस्था-विरोधीहरूबीच आउँदा दिनमा यो क्षेत्रमा हुने लडाइँको पूर्वसंकेत थियो ।

शिक्षा क्षेत्रमा सरकारी नियन्त्रणका लागि भएका कानूनी/नीतिगत प्रयास (सन् १९६१–१९७१)

माथिको राजनीतिक-शैक्षिक पृष्ठभूमिको आलोकमा अब तात्कालिक समयमा शाहीसत्ताले शिक्षा क्षेत्रमा गरेका गतिविधितर्फ ध्यान केन्द्रित गरौँ । नवगठित मन्त्रिपरिषद्को अध्यक्षको

थियो भन्ने जान्न वन्त (सन् २००४) हेर्नुहोस् । देवकोटा (२०५९) मा पनि राज्यले पत्रपत्रिकालाई गरेका कारवाहीको छनक पाउन सकिन्छ ।

[६] राजनीतिक परिवर्तनले स्थानीय तहमा परेको प्रभाव पछिल्लो खण्डमा वर्णन गरिएको छ ।

रूपमा महेन्द्रले जनवरी ५, १९६१ मा एउटा "राष्ट्रका नाउँमा सन्देश" जारी गरे । त्यसमा उनले सरकारका नीति र कार्यक्रमको बेलिविस्तार लगाएका थिए । सरकारले सुधार गर्न चाहेका क्षेत्रको सूचीमा शिक्षा प्रमुख थियो । सन्देशमा भनिएको थियो :

> साधनले दिएसम्मन् देशमा प्राथमिक, माध्यमिक तथा उच्च शिक्षा विकास गराउनाको साथसाथै यो मन्त्रिपरिषद्ले विद्यार्थीहरूलाई स्वावलम्बी तुल्याई आफ्नै हातले काम गरेर खान सक्ने बनाउने किसिमको शिक्षा र तालिमको प्रबन्ध गर्न विशेष ध्यान दिनेछ । ... अब शिक्षण संस्थाहरूको पाठ्य-तालिकामा राष्ट्रिय दृष्टिकोण अपनाउनुका साथै राष्ट्रमा नवजागृतिको विकास गराउने, राष्ट्रिय मांग तथा प्रतिभा अनुकूल युग सुहाउंदो वैज्ञानिक ढंगको राष्ट्रिय शिक्षा प्रणालीको यो मन्त्रिपरिषद्ले व्यवस्था गर्नेछ । (श्री ५ को सरकार २०२२ : २०–२१)[७]

[७] शाहीसत्ताले शिक्षा क्षेत्रमा गरेको लगानी केलाउने हो भने सन् १९६० पछिको सरकारको प्राथमिकतामा शिक्षा परेजस्तो देखिन्न । महेन्द्रले शासनसत्ता लिए लगत्तै शिक्षाको बजेट घटेर ७ प्रतिशत पुग्यो । सन् १९७० को दशकमा पनि शिक्षा क्षेत्रमा मुलुकको लगानी करिब ७–९ प्रतिशत मात्र थियो (हेर्नुहोस्, तालिका १), जबकि सोही समयमा छिमेकी मुलुकहरूले आफ्नो बजेटको उल्लेख्य हिस्सा शिक्षामा लगानी गरिरहेका थिए । सन् १९६८ मा नेपालले शिक्षामा जम्मा ६.५ प्रतिशत बजेट छुट्ट्याएको थियो (अग्रवाल सन् १९७८ : ८३) भने छिमेकी भारतले सो वर्ष २१ प्रतिशत, श्रीलंकाले १६.१ प्रतिशत, इरानले १९ प्रतिशत र फिलिपिन्सले २८ प्रतिशत बजेट छुट्ट्याएका थिए (राम्स्डेल सन् १९८९ : १६) । लगानीका लागि सरकारको प्राथमिकतामा शिक्षा क्षेत्र नपरे पनि चाँडै नै राजनीतिक कारणले प्राथमिकता पाएको म देखाउनेछु ।

तालिका १ : शिक्षा क्षेत्रमा राज्यले गरेको वार्षिक लगानी

वर्ष	वार्षिक सरकारी बजेट (रु. १० लाखमा)	शिक्षामा विनियोजित रकम (रु. १० लाखमा)	सरकारी खर्चको प्रतिशत
सन् १९६०/६१	१३४.८	१४.३	१०.६१
सन् १९७०/७१	९७३	७१.५	७.३५
सन् १९७२/७३	११३७.४	७९.२	६.९६
सन् १९७३/७४	१२६७.५	९६.७	७.८६
सन् १९७४/७५	१५४७.५	१२४.४	८.०३
सन् १९७५/७६	१७४०.९	१५८.८	९.१२

स्रोत : अग्रवाल (सन् १९७८) र रजमकेस (२०४३) बाट निकालिएको ।

लगत्तै (मे ७, १९६१ मा) एउटा उच्चस्तरीय सर्वांगीण राष्ट्रिय शिक्षा समिति गठन गरियो । यो समितिको गठन एक हिसाबले आश्चर्यपूर्ण थियो, किनभने मुलुकले एक वर्षभन्दा बढीको मेहनत लगाएर एउटा बृहत् शिक्षा प्रतिवेदन (पाण्डे, के.सी. र ऊड सन् १९५६) तयार गरेको पाँचै वर्ष मात्र भएको थियो ।[८] शिक्षा मन्त्री विश्वबन्धु थापाको नेतृत्वमा यो समिति गठन गरिएको थियो ।[९] समितिलाई शिक्षा क्षेत्रमा के-कस्तो सुधार/विकास गर्न सकिन्छ सोको आकलन गरेर पाँच साताभित्र प्रतिवेदन दिन भनिएको थियो । समितिले ६२ घण्टाको "गहन छलफल" पछि सात हप्ता जतिमा आफ्नो प्रतिवेदन बुझायो (श्री ५ को सरकार २०१८ख) ।[१०]

समग्र मुलुकभरि एकैखाले राष्ट्रिय शिक्षा प्रणाली लागू गर्न र माध्यम भाषा नेपाली बनाउन प्रतिवेदनले सुझाव दियो । साथै, विभिन्न कक्षामा पढाउनका लागि पाठ्यक्रम पनि तयार गऱ्यो । संस्कृत भाषालाई विशेष महत्ता दिन सुझाव दिइएको प्रतिवेदनमा अंग्रेजीलाई भने प्राथमिक तह (५ कक्षासम्म) बाट हटाउन सुझाइयो (श्री ५ को सरकार २०१८ख) । भाषणबाजीमा शिक्षाको विकेन्द्रीकरणको कुरा गरिरहे पनि यो प्रतिवेदन मूलतः शिक्षा क्षेत्रलाई केन्द्रीकरण गर्न ल्याइएको थियो, जुन अघिल्लो प्रतिवेदनभन्दा भिन्न कुरा थियो । मुलुकभरका सबै शिक्षालयहरू सरकारको नियन्त्रणमा हुनुपर्ने सुझाव प्रतिवेदनमा दिइएको थियो । र, सँगै शिक्षा ऐनको विस्तृत मस्यौदा समेत प्रतिवेदनमा संलग्न थियो ।

शिक्षा ऐनमा मस्यौदा गरिए अनुरूप आइन्दा मुलुकभित्र नयाँ सार्वजनिक विद्यालय स्थापना गर्न चाहनेले शिक्षा विभागबाट अनिवार्य रूपमा पूर्व-स्वीकृति लिनुपर्ने भयो (श्री ५ को सरकार २०१८ख) । सो ऐनको परिच्छेद ३ मा लेखिएको थियो : "शिक्षा विभागको पूर्व-स्वीकृतिबिना कुनै किसिमको शिक्षालय कसैले खोल्नु अवैध ठानिनेछ ।" परिच्छेद ६ मा भनिएको थियो : "यस ऐनको विरुद्ध भएको काम कारवाई बर्जित र गैरकानूनी भई...दण्डनीय हुनेछ" (श्री ५ को सरकार २०१८ख : ७२) । यी प्रावधान राणाकालीन

[८] मार्च १९५४ मा राष्ट्रिय शिक्षा योजना आयोग गठन गरिएको थियो । मुलुकका गिनेचुनेका शिक्षाविद्हरू सम्मिलित यो आयोगले एक वर्ष लगाएर आफ्नो प्रतिवेदन तयार गरेको थियो (हेर्नुहोस्, ऱ्यापले सन् २०१९) । सन् १९५५ मा रिपोर्ट तयार भएको थियो भने १९५६ मा यो पुस्तकाकार रूपमा प्रकाशित भयो (पाण्डे, के.सी. र ऊड सन् १९५६; वन्त सन् १९९६) । यो प्रतिवेदन https://martinchautari.org.np/storage/files/nepalmarastriyashikshaaayogkobibaran-2011-nepali.pdf मा उपलब्ध छ ।

[९] पहिले नेपाली काँग्रेससँग आबद्ध थापा आफ्नो दल र नेतालाई धोका दिँदै महेन्द्रलाई साथ दिन गएका थिए र उनलाई सो कदम बापत शिक्षा मन्त्रीको पद मिलेको थियो ।

[१०] यो प्रतिवेदन https://martinchautari.org.np/storage/files/sarwanginrastriyashikshasamitikoreport-2018-nepali.pdf मा उपलब्ध छ ।

शिक्षा सम्बन्धी व्यवस्थाकै निरन्तरता थिए, जुन सन् १९५१ को राजनीतिक परिवर्तनपछि निष्क्रियप्रायः थिए (हेर्नुहोस्, पराजुली सन् २००८) । सरकारले सो प्रतिवेदन स्वीकार गऱ्यो र करिब एक वर्षपछि प्रतिवेदनले सुझाए अनुरूप *शिक्षा ऐन, २०१९* जारी गऱ्यो ।

माथिका प्रावधानहरू नयाँ खुल्ने विद्यालयहरूलाई लक्षित गरी ल्याइएका थिए भने यसअघि स्थापना भई सञ्चालनमा रहेका विद्यालयका खातिर निम्न प्रावधान ल्याइयो :

> विद्यालय सञ्चालक समितिमा ११ देखि १३ सदस्य रहनेछन्, जसमा अध्यक्ष, उपाध्यक्ष, सेक्रेटरी, प्रधानाध्यापक, आदि पदाधिकारीहरू पनि सामेल छन् । विद्यालय सञ्चालक समितिका सदस्यहरू मध्ये एक जना सदस्य शिक्षक प्रतिनिधि पनि रहनेछन् । विद्यालयका प्रधानाध्यापक, नगरपालिका वा ग्रामपंचायत भए त्यसको १ जना सदस्य र शिक्षक प्रतिनिधि सञ्चालक समितिको पदेन सदस्य हुनेछन् । जिल्ला बडाहाकिम वा मेजिष्ट्रेट विद्यालय सञ्चालक समितिका अध्यक्ष रहनेछन् । (श्री ५ को सरकार २०१८ख : ८२)

यो प्रबन्धनपछि मुलुकभरका सबै विद्यालय व्यवस्थापन वा सञ्चालक समितिहरूको र अन्ततः विद्यालयहरूकै नियन्त्रण सरकारको हातमा पुग्यो (यसबारे थप अन्तिम खण्डमा हेर्नुहोस्) । आउँदा वर्षहरूमा सरकारले विद्यालयको प्रशासनिक/व्यवस्थापकीय संरचनामा थप परिवर्तन गर्दै गयो । विद्यालय सञ्चालक समितिको नेतृत्व बडाहाकिमबाट अञ्चलाधीशकहाँ र पछि जिल्ला पञ्चायतको सभापति/उपसभापति कहाँ पुग्यो । यससँगै विद्यालयको सञ्चालन र व्यवस्थापनको कुञ्जी सर्दै गयो । र, शिक्षालयहरू उपर राज्यको शिकञ्जा पनि कसिँदै गयो ।

विद्यालय सञ्चालक समितिका अध्यक्षलाई समितिका अन्य सदस्य चयन गर्ने अधिकार दिइएकाले ती समितिमा राज्यका एजेन्टहरूको उपस्थिति बाक्लियो । माथिबाट थोपरिएका यस्ता (कानूनी) परिवर्तनका कारण, र स्थानीय राजनीतिक संरचना (गाउँ/नगर वा जिल्ला पञ्चायत) मा भएका फेरबदलका कारण सार्वजनिक विद्यालयहरूमाथि राज्य/पञ्चायती व्यवस्था समर्थकहरूको पकड गहिरियो । राणाकालीन पुरातनपन्थी सम्भ्रान्तहरू, जो सन् १९५१ मा प्रजातन्त्र आएपछि पाखा परेका थिए, र जो दलित, महिला, आदिले पढ्न पाउने कुराका विरोधी थिए, उनीहरू पञ्चायतकालमा पुनः हावी भए । कतिपय उनीहरू स्थानीय चुनाव मार्फत नेतृत्वमा आए, र सोही पदमा भएका कारण (पदेन) शिक्षालयहरूका मुख्य मान्छे (अध्यक्ष इत्यादि) बन्न पुगे (पराजुली सन् २००९) । तर, केन्द्रीय सत्ताले शिक्षा-विकासको मन्त्र जपना गरी नै रहेकाले यी पुरातनपन्थीहरू "सबैलाई-शिक्षा" नीतिको खुलेर विरोध गर्न पनि सक्दैनथे । विरोध गरेका खण्डमा तिनका आलोचक/प्रतिस्पर्धीले

तिनलाई राज्यको नीति विरुद्ध, र व्यवस्था विरुद्ध गएको भनेर चित्रित गरिदिन्थे र तिनको राजनीतिक भविष्य धरापमा पर्न सक्थ्यो । यसरी आम-शिक्षा विरोधीहरू नै शिक्षालय हाँक्ने स्थानमा पुग्दा शिक्षाको उन्नयन राम्ररी हुन सक्ने कुरा थिएन ।

अरू सबै क्षेत्र उपर राज्यले आफ्नो पकड कायम गरिसकेको भए तापनि शिक्षा क्षेत्र अझै उसको सम्पूर्ण पकडभित्र आइसकेको थिएन । शिक्षा क्षेत्रलाई पनि राज्यले उसै गरी नियन्त्रणमा लिन खोजेको तथ्य माथिका विवरणबाट देखिन्छ, तर भुइँ तहबाट त्यस्तो प्रयासको निरन्तर प्रतिरोध भइरहेको थियो । यस्तो प्रतिरोधले काम गर्नुमा सार्वजनिक शिक्षालयहरूको सञ्चालन खर्च प्रमुख थियो । दर्तावाल विद्यालयहरूलाई राज्यले वार्षिक रूपमा केही रकम अनुदान दिने भए तापनि सार्वजनिक विद्यालयहरूको खर्चको मूल स्रोत स्थानीयहरू (शुल्क र चन्दा मार्फत) नै थिए । त्यसैले, सरकारले चाहँदैमा स्थानीय अभियन्ताहरूलाई शिक्षालयहरूबाट सहजै धपाउन सकेन । त्यसमाथि, सन् १९६० अघि राजनीतिक दलहरूमा सक्रिय रहेका अलि पढेलेखेका कार्यकर्ताहरू पछिल्लो समय मुख्य रूपमा सार्वजनिक विद्यालयहरूमा संलग्न भएका थिए । शिक्षालयहरूमा उनीहरू संलग्न हुनुका पछाडि मुख्य दुई कारण थिए । पहिलो, यसले उनीहरू मध्येको ठूलो हिस्सा (शिक्षक) लाई थोर-बहुत आम्दानी दिन्थ्यो । दोस्रो, राज्य आक्रमणबाट सुरक्षित हुने एउटा कवच पनि यसले उनीहरूलाई दिन्थ्यो । जो कार्यकर्ताहरू स्वयं शिक्षित थिएनन् वा जसलाई जीविका चलाउन जागिर खाइराख्न पर्दैनथ्यो उनीहरू शिक्षालयका सञ्चालक समितिमा कुनै हिसाबले गाँसिइरहे । पहिले, राणाकालमा, राजनीतिक कार्यकर्ताहरूले अवलम्बन गरेका रणनीति नै यी अभियन्ताहरूले पनि उपयोग गरिरहेका थिए । उनीहरू केटाकेटीहरूलाई त पढाइरहेका थिए, तर सँगै ती संरचनामा बसेर राज्यको (अप्रत्यक्ष वा गुप्ती तवरले) प्रतिरोध पनि गरिरहेका थिए (हेर्नुहोस्, पराजुली सन् २००८, सन् २००९) ।

विद्यालय सञ्चालक समिति र शिक्षकहरूका अतिरिक्त विद्यार्थी र तिनका संगठन पनि व्यवस्था-विरोधी गतिविधिमा संलग्न थिए । प्रतिबन्धित दलका कार्यकर्ताहरूको गुप्ती अभियान र प्रभावका कारण यी विद्यार्थी समूह र संगठनहरू सक्रिय थिए । सन् १९६० को मध्यतिर, विद्यार्थी संगठनहरू मौका मिल्ने बित्तिकै विरोधका कार्यक्रम गरिहाल्थे ।[११] विद्यार्थी, शिक्षक र दलका कार्यकर्ताहरूको गठजोड र गुप्ती अभियान शासकहरूलाई थाहै नभएको चाहिँ होइन; जानकार भएकैले उसले कानूनी र अन्य उपायद्वारा तिनको सक्रियतालाई परास्त गर्ने प्रयत्न गरेको थियो ।

[११] सबै मुख्य राजनीतिक दल र सरकारी समूहको पनि आ-आफ्ना विद्यार्थी संगठनहरू शिक्षालयहरू (खास गरी कलेज) मा सक्रिय थिए । सरकार-पोषित विद्यार्थी संगठन विद्यार्थीमाझ सबैभन्दा कम रुचाइने संगठन थियो । हेर्नुहोस्, बराल (सन् १९७५); उप्रेती (२०३०); हेयस सन् (१९७६); राम्स्डेल (सन् १९८९) ।

यी दुवै समूहका आ-आफ्ना रणनीतिक दाउपेच कायमै रहँदै गर्दा राज्यलाई सबैभन्दा ठूलो धक्का त्यतिखेर लाग्यो जतिखेर "सरकारी" उम्मेदवारहरू राष्ट्रिय पञ्चायत सदस्य (स्नातक मध्येबाट चुनिने) मा तारन्तार पराजित हुन थाले। पञ्चायती व्यवस्थाको शुरूआतमा मुलुकभरका "स्नातक" मध्येबाट चार जना प्रतिनिधि राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित हुने प्रावधान राखिएको थियो। यो निर्वाचनमा उम्मदेवार र मतदाता हुन स्नातक तहको शैक्षिक योग्यता प्राप्त गरेको हुन जरुरी थियो। र, वास्तवमा पञ्चायतकालमा कुनै अर्थपूर्ण चुनाव थियो भने सो यो प्रवर्गमा नै थियो। शिक्षित/स्नातकहरू यसर्थ विशेष सुविधाप्राप्त (प्रिभिलेज्ड) थिए। तर, उनीहरूले चुनेका प्रतिनिधि सरकार समर्थितभन्दा पनि आलोचक आउन थाले। केही त व्यवस्था-विरोधी नै निर्वाचित भए। यसले शिक्षितजनहरू राज्यसत्ताको साथमा नभएको सन्देश दिन्थ्यो (हेर्नुहोस्, बराल सन् २०१२[सन् १९७३], सन् २०१२[सन् १९७७]; शाह सन् १९७८)। त्यस बाहेक, गाउँ/नगर/जिल्ला र राष्ट्रिय पञ्चायतको निर्वाचनमा पनि विभिन्न दलमा पहिले सक्रिय भएका व्यक्तिहरू निर्वाचित हुन थालेका थिए, यसले पनि शाहीसत्तालाई झस्काएको थियो (हेर्नुहोस्, बराल सन् २०१२[सन् १९७३]।

यो अनपेच्छित चुनौतीसँग जुझ्न राज्यसत्ताले दुई क्षेत्रमा आफ्नो ध्यान केन्द्रित गऱ्यो : राजनीतिक र शैक्षिक क्षेत्रमा। राजनीतिक क्षेत्रको कुरा गर्दा, सन् १९६७ मा संविधान संशोधन गरेर नयाँ राजनीतिक कार्यक्रम—गाउँफर्क राष्ट्रिय अभियान—शुरू गरियो। निर्वाचित निकायहरूमा व्यवस्था-विरोधीहरूको पकडलाई समाप्त पार्दै तिनको ठाउँमा शुद्ध पञ्चहरूलाई पदस्थापन गर्ने ध्येय यो अभियानको थियो (हेर्नुहोस्, बराल सन् २०१२[सन् १९७७])। त्यस बाहेक, अलिपछि (सन् १९७५ मा), स्नातक प्रवर्गको चुनाव नै सरकारले खारेज गरिदियो, "न रहोस् बाँस, न बजोस् बाँसुरी" भने झैं। शिक्षा क्षेत्रमा भने उसले शिक्षा परिषद् र अन्य त्यस्तै संस्था/संरचनालाई गठन, विघटन गर्दैरह्यो। यस्ता कदम शिक्षा-सुधारका लागि चालिएका भन्दा पनि फगत सार्वजनिक खपतका लागि गरिएका खोक्रा घोषणा जस्ता देखिन्थे। पछि शिक्षा मन्त्री समेत हुन पुगेका शिक्षाविद् कृष्णराज अर्याल लेख्छन् :

> असार २०२४ मा १३ सदस्यीय राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्को गठन गरिएको थियो। समयसँगै खासै गति नलिएकाले सो परिषद् पंगु भयो र २२ महिनापछि बिनाकुनै उल्लेख्य प्रगति विघटन गरियो। ... वैशाख २०२६ मा नयाँ सल्लाहकार परिषद् गठन गरियो, जसमा ५१ सदस्य थिए तर कोही अध्यक्ष नियुक्त गरिएको थिएन। सात महिनापछि यो परिषद् पनि विघटन गरियो। ... फेरि एक पटक नयाँ परिषद् गठन गरियो, शिक्षा मन्त्रीको अध्यक्षतामा। यसमा आठ सदस्य थिए। ... अढाई वर्षमा तीन ओटा भिन्न परिषद् गठन गरिए, जसका कारण साधारणजनमा यस्ता समितिहरू उपर विश्वास गर्नुपर्ने कुनै आधार बाँकी रहेन। (अर्याल सन् १९७० : ७०–७१)

तर योभन्दा महत्त्वपूर्ण राज्यसत्ताले शिक्षाको संरचनागत व्यवस्थामा गरेका त्यस्ता परिवर्तन थिए, जसले राज्यका एजेन्टहरूका हातमा शक्ति शनैःशनैः कसरी पुग्यो भन्ने देखाउँछन् । उदाहरणका लागि, तलको निर्णयले सरकारले विद्यालयहरूलाई नियन्त्रण गर्न चालेको कदमलाई प्रस्ट्याउँछ :

> प्रमुख जिल्ला अधिकारीले प्राथमिक विद्यालयका व्यवस्थापन समितिहरू गठन गर्नेछन् । जिल्ला पञ्चायतको सम्मतिमा निजले समितिको अध्यक्षमा गाउँ वा नगर पञ्चायतको प्रधान, वा सदस्य वा शिक्षामा रुचि राख्ने जानेमानेका व्यक्तिलाई मनोनयन गर्नेछन् । व्यवस्थापन समितिले सदस्यमध्येबाट सचिव र कोषाध्यक्ष चयन गर्नेछन् । ... प्रजिअले नियमसंगत तरिकाले विद्यालय सञ्चालन भएको नपाएमा विद्यालय गाभ्ने वा बन्द गर्न सक्नेछन् । ... प्रजिअले गैरसरकारी प्राथमिक विद्यालयहरूको जिल्ला शिक्षा समिति गठन गर्न सक्नेछन् । आफूलाई दिइएको अधिकार प्रयोग गरी आवश्यक नियम-विनियम बनाएर उनले प्राविका शिक्षकलाई पदोन्नति वा खोसुवा गर्न सक्नेछन् ।[१२] (अर्याल सन् १९७० : ५५५–५५६)

यी गतिविधि बाहेक, नागरिकहरूलाई निश्चित साँचोमा ढाल्न शाही सरकारले २०२४ सालदेखि निम्न माध्यमिक विद्यालयको पाठ्यक्रममा पञ्चायत विषय थपी पढाउन शुरू गऱ्यो ।[१३] गाउँफर्क राष्ट्रिय अभियानसँगै नागरिकलाई निश्चित साँचोमा ढाल्ने कामले पछिल्ला वर्षमा थप गति लियो ।[१४] यद्यपि, यी सबै गतिविधि एक हिसाबले पछि आउने राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) नामक सिनेमाका "ट्रेलर" मात्र थिए ।

शिक्षा क्षेत्रको पुनःसंरचना : नयाँ शिक्षा योजना बारेका सरकारी दाबी

राणा शासन समाप्ति पछिका दुई दशकमा मुलुकको साक्षरता दरमा प्रगति भएको देखिन्छ । सन् १९५१ मा २ प्रतिशतभन्दा कम साक्षरता दर भएकोमा सन् १९६१ मा साक्षरता दर करिब ९ प्रतिशत र सन् १९७१ मा करिब १५ प्रतिशत पुगेको थियो (रजमकेस २०४३; स्केरी, मोरान र कालावान सन् १९९१) । सन् १९५० को तुलनामा सन् १९६० को दशकमा

[१२] शिक्षकहरूले पञ्चायतकालमा पाएका दुःखका थुप्रै फेहरिस्त पाइन्छन् (उदाहरणका लागि हेर्नुहोस्, संग्रौला २०६०; योञ्जन-तामाङ सन् २०११) ।

[१३] नयाँ शिक्षाले पाठ्यपुस्तक मार्फत कसरी कलिला विद्यार्थीहरूको मन-मस्तिष्कमा हस्तक्षेप गऱ्यो भन्ने जान्न यही पुस्तकमा रहेको प्रत्यूष वन्तको लेख (अध्याय ६) हेर्नुहोस् ।

[१४] सरकारी धारणा जान्न जीटीभीएनसी (सन् १९७५); सूचना विभाग (२०२५) हेर्नुहोस् । आलोचनात्मक धारणाका लागि बराल (सन् २०१२[सन् १९७७]) र शाह सन् (१९७८) हेर्नुहोस् ।

साक्षरता विस्तार दर अलि खुम्चिएको देखिन्छ । समग्रमा ती दुई दशकमा विद्यार्थी, शिक्षक र विद्यालयको संख्यामा मुलुकभर एक हिसाबले "राम्रै" बढोत्तरी भयो भन्न सकिएला (हेर्नुहोस्, तालिका २) । तर, अर्कोतर्फबाट हेर्ने हो भने मुलुकको जनसंख्याको निकै ठूलो हिस्सा (अर्थात् ८५%) अझै सामान्य लेखपढ समेत गर्न पनि जान्दैनथे । र, १५ प्रतिशत साक्षरमध्ये पनि निकै सानो हिस्साले मात्र उच्च शिक्षा हासिल गरेको थियो ।

तालिका २ : नेपालमा शिक्षा विस्तार (सन् १९५१–१९७१)

वर्ष	सन् १९५१	सन् १९६१	सन् १९७१
साक्षरता दर	२	८.९	१५
शिक्षालयहरूको संख्या			
प्राथमिक	३२१	४००१	७२५६
माध्यमिक	११	१५६	१०६५
उच्च	२	३३	४९
विद्यार्थीहरूको संख्या			
प्राथमिक	८५०५	१८२५३३	४४९१४१
माध्यमिक	१६८०	२१११५	१०२७०४
उच्च	२५०	५१४३	१७२००
शिक्षकहरूको संख्या			
प्राथमिक	अनुपलब्ध	७३३१	१८२५०
माध्यमिक	अनुपलब्ध	१७७२	५४०७
उच्च	३७	४१७	१०७०

स्रोत : श्री ५ को सरकार २०२८ र रजमकेस २०४३ ।

यस्तो परिस्थितिमा, शाही सरकारले अलि समय लगाएर गुप्ती तवरबाट योजना बनाई तयार गरेको राष्ट्रिय शिक्षा पद्धतिको योजना (अर्थात् नयाँ शिक्षा) सन् १९७१ बाट क्रियान्वयनमा ल्यायो ।[१५] यो योजना मार्फत शिक्षामा आमूल परिवर्तन गर्न खोजेको सरकारले बताएको थियो । राजा मेहन्द्रको निर्देशन र नेतृत्वमा शुरू भएको यो योजनाको संरचना बनाउन र त्यसलाई अन्तिम रूप दिनमा उनका छोरा तथा तात्कालिक युवराज वीरेन्द्र सक्रिय रहेको बताइएको थियो । सन् १९७२ मा महेन्द्रको आकस्मिक मृत्यु भए पश्चात् यसलाई क्रियान्वयन गर्ने जिम्मेवारी पनि वीरेन्द्रकै काँधमा आयो (मिचेल सन् १९७६; हेयस सन् १९८१; वन्त सन् १९९६) । यो शिक्षा योजना-पुस्तिकाको पहिलो पातोमा

[१५] हालसम्म बनेका आधा दर्जनभन्दा बढी आयोगका प्रतिवेदन/योजनामध्ये यो योजनामा मात्रै यसका लेखक/सर्जकहरूको नाउँ उल्लेख छैन ।



तस्बिर ५. १ : राष्ट्रिय शिक्षा पद्धतिको योजना (स्रोत : श्री ५ को सरकार २०२८)।

लेखिएको थियो : "श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेबमोजिम निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था र योजनाबद्ध राष्ट्रिय पुनःनिर्माणको आवश्यकता अनुकूल श्री ५ को सरकारद्वारा तय गरी लागू गरिएको" (श्री ५ को सरकार २०२८; हेर्नुहोस्, तस्बिर ५.१)। यो योजनालाई सरकारले शिक्षा विस्तार गर्ने र ग्रामीण नेपाललाई आधुनिकीकरण गर्ने प्रयासका रूपमा पेस गरे पनि खासमा यो शिक्षाको विस्तारलाई नियन्त्रण गर्ने ध्येयले ल्याइएको थियो भन्ने तर्क मैले यो लेखमा गरेको छु। पहिले राजनीतिक दलका कार्यकर्ता समेत रहेका सामाजिक अभियन्ताहरू जो बहुदलीय व्यवस्थाको समाप्तिपछि शिक्षक वा विद्यालय सञ्चालक समितका सदस्यको रूपमा शिक्षा क्षेत्रमा सक्रिय भए, उनीहरूको प्रभाव र भूमिकालाई नियन्त्रण र निस्तेज गर्न, तिनलाई त्यहाँबाट हटाउन र शिक्षितजनको नयाँ पुस्ता राजतन्त्र एवं पञ्चायत व्यवस्थाविरोधी भएर ननिक्लियोस् भनेर सरकारले पूरै सोचीविचारी यो योजना तयार गरेको पनि यो लेखको तर्क छ। यी तर्क पुष्टि गर्ने आधार र यो योजनाले पारेको प्रभाव केलाउनुअघि नयाँ शिक्षाबारे सरकारी दाबीहरू हेरौँ।

अघिल्ला दुई दशकमा शिक्षा क्षेत्रमा भएका नवप्रवर्तनतर्फ इंगित गर्दै योजना भन्छ : "नेपालमा भइरहेको तीव्र, निरुद्देश्य एवं असन्तुलित शिक्षा प्रसारले शिक्षा पद्धतिलाई र



तस्बिर ५.२ : सदस्य सचिव मोहम्मद मोहसिन (स्रोत : राशिसका २०२९ : ६१)।

राष्ट्रको सामाजिक र आर्थिक वास्तविकताबाट पृथक तुल्याइरहेको कुरा श्री ५ को सरकारले धेरै अघिदेखि अनुभव गरिरहेको थियो" (श्री ५ को सरकार २०२८ : भूमिका)। "भविष्यको आशाले प्रेरित मुठीभर आधुनिक शिक्षित व्यक्तिहरू र यथावत स्थितिलाई रुचाउने बहुसंख्यक सुषुप्त व्यक्तिहरूको असङ्गत अनुपातले देशको प्रगतिलाई नै मन्द पारिरहेको" उक्त योजनाको ठहर थियो (श्री ५ को सरकार २०२८ : १)। नयाँ शिक्षा योजना कार्यान्वयन गर्न सरकारले बनाएको उच्चस्तरीय समितिका सदस्यसचिव मोहम्मद मोहसिन (हेर्नुहोस्, तस्बिर ५.२)—जो यो गुप्ती योजना बनाउने समूहका सदस्य पनि थिए भनिन्छ—अगाडि थप्छन् : "राष्ट्र-निर्माणका लागि जस्तो शिक्षा-पद्धतिको परिकल्पना गरिएको हो सोसँग हालसम्म कायम रहेको शिक्षा प्रणाली असंगत देखियो" (सन् १९७४ : ३)। "उक्त [पुरानो] प्रणाली," उनी अगाडि लेख्छन्, "विगतमा साम्राज्यवादी शक्तिहरूले आफ्नो साम्राज्य मजबुत बनाउन आफ्ना कोलोनीहरूमा शुरू गरेको प्रणालीको भद्दा नक्कल" थियो (मोहसिन सन् १९७४ : ३)। मोहसिनका अनुसार यो थोत्रो प्रणालीले देशको राजनीति र विकासमा सघाउनुभन्दा पनि नयाँ समस्या सिर्जना गऱ्यो, र युवाहरूमा अस्वाभाविक आशा जगाइदियो (मोहसिन सन् १९७४ : ४)। त्यस बाहेक, उनले थपे, राष्ट्र-निर्माणका लागि आवश्यक प्राविधिक जनशक्ति र हाम्रो शैक्षिक उत्पादनबीच ठूलो खाडल भयो।

"अनुत्पादक र अव्यवस्थित विभिन्नखाले शिक्षा प्रणाली" सँग जुझ्न र मुलुकको आवश्यकता एवं चाहनालाई सम्बोधन गर्न सरकारले एकीकृत र व्यवहारोपयोगी शिक्षा

पद्धतिको रूपमा नयाँ शिक्षा योजना अघि सारेको सरकारी दाबी रह्यो । नयाँ शिक्षाले पहिलेको शिक्षा प्रणालीमा रहेका सबै कमजोरी हटाउने दाबी गरियो : कलम चलाउने उच्च तहको (ह्वाइट कलर) काम पाउने कुञ्जीको रूपमा शिक्षालाई हेरिँदै आएकोमा त्यसलाई प्रतिस्थापन गर्दै शिक्षालाई मुलुकको विकासका लागि आवश्यक पर्ने जनशक्तिमा लगानीको रूपमा नयाँ योजनाले हेर्छ (एचएमजी २०२८ : आई) । शिक्षाका राष्ट्रिय लक्ष्य तय गरिए : "राष्ट्र मात्र होइन कि अपितु राजसंस्थाप्रति पनि बफादार नागरिक तयार गर्नु" र "निर्दलीय पञ्चायती व्यवस्थाको उद्देश्य अनुरूपको न्यायपूर्ण, गतिशील र शोषणविहीन समाज तयार गर्नु" (मोहसिन सन् १९७४ : ५) । शिक्षाका उद्देश्य यसरी प्रस्ट्याइए :

> क) हाल मुलुकभर चलिरहेका सबैखाले शिक्षा प्रणालीहरूलाई एकीकृत गरी एकैखाले राष्ट्रिय शिक्षा प्रणाली स्थापना गर्ने; ख) शिक्षालाई उद्देश्यपूर्ण र व्यवहारिक बनाई मुलुकको आवश्यकतासँग जोड्ने; ग) ज्ञानलाई विविधीकरण गर्ने र विभिन्न तहको शिक्षाका उद्देश्य र कारणलाई प्रस्ट्याउने; र घ) शैक्षिक सुविधाहरूलाई सन्तुलित रूपमा विकेन्द्रीकरण गर्दै शिक्षाका अवसरलाई प्रजातान्त्रिक तुल्याउने । (मोहसिन सन् १९७४ : ५)

शिक्षालाई राष्ट्रिय आवश्यकता अनुकूल र व्यवहारोपयोगी बनाउने निहुँमा राज्यसत्ताले शिक्षाका सबै पक्षमा हस्तक्षेप गऱ्यो—पाठ्यक्रम, पाठ्यपुस्तक, आदिदेखि शिक्षक, विद्यार्थी र परीक्षा प्रणालीसम्म । यी हस्तक्षेपका दूरगामी असर परे । ती सबै पक्षबारे यो लेखमा चर्चा गर्न सम्भव छैन, तथापि यो योजना कुन राजनीतिक सन्दर्भमा ल्याइयो, कुनकुन क्षेत्रमा हस्तक्षेप गरियो र स्थानीय तवरमा यो योजनाको कस्तो प्रभाव रह्यो—अपेक्षित होस् वा अनपेक्षित—भन्नेबारे यो लेखमा चर्चा गरिएको छ ।

सरकारी दाबीभन्दा पर : नियन्त्रणको औजारको रूपमा नयाँ शिक्षा

माथि उल्लेख भइसक्यो, सरकारी दाबी अनुसार नयाँ शिक्षाअघिका शिक्षा प्रणालीले "मुलुकको वास्तविकता" लाई प्रतिविम्बित नगर्ने भएकाले मुलुकको विकास र आधुनिकीकरणका लागि नयाँ योजना चाहिएको थियो । नयाँ योजनाको आवश्यकतालाई पुष्टि गर्न "म्यानपावर" (जनशक्ति) शब्दमा अत्यधिक जोड दिइएको थियो, अनि मुलुकलाई आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन नसक्नाको दोष पुरानो शिक्षा प्रणालीलाई दिइएको थियो (हेर्नुहोस्, गुरुङ सन् १९७२, १९७३; मानन्धर सन् १९७४) ।

सरकारी दाबीहरूलाई अलि गहिरिएर केलाउने हो भने नयाँ शिक्षा योजना ल्याउनु पछाडिका कारण र सन्दर्भ बुझ्न सकिन्छ । त्रिभुवन विश्वविद्यालयका तात्कालिक उपकुलपतिले नयाँ शिक्षा योजना ल्याउने सरकारी कदमको औचित्य पुष्टि गर्दै लेखेका छन् :

> २००७ साल अघि र विशेषतः यस अवधि पछि हामीले जुन शिक्षा प्रणाली अंगाल्यौँ, त्यसमा राष्ट्रिय वास्तविकता र आकाङ्क्षाको प्रतिविम्ब नहुनु स्वाभाविकै हो । देशको हावापानी र माटासँग नभिजेको शिक्षा प्रणालीले ... राष्ट्रिय विकासलाई टेवा दिनुको साटो राष्ट्रिय भार बन्न जाने भयावह स्थितिबाट हामी विचलित हुनथाल्यौँ; राष्ट्रिय विकासलाई टेवा दिनुको साटो राष्ट्रिय भार बन्न जाने शिक्षित उत्पादन-यन्त्रबाट हामी चिन्तित हुनथाल्यौँ; राष्ट्रिय गौरव र राष्ट्रिय स्वप्नको सञ्चार गर्नुको साटो युवा-मानसमा हीनताबोध उमार्ने शिक्षाबाट हाम्रो राष्ट्रिय विश्वासमै आघात पर्नथालेको अनुभव हुनगयो अनि चरित्र निर्माण गर्नुको साटो युवा चरित्रलाई दिशाहीन पार्न लागिरहेको शैक्षिक गतिविधिबाट सामाजिक अस्तव्यस्तताको पूर्वसंकेत प्राप्त हुनलाग्यो । यसै पृष्ठभूमिमा नयाँ शिक्षा योजना प्रारम्भ भएको हो । (उप्रेती २०३० : १७)

महाराजको दूरदर्शितालाई प्रशंसा गर्दै अमेरिकी मानवशास्त्री राग्स्डेलले लेखे, "यस [नयाँ योजना] ले शिक्षालाई आधारभूत रूपमै पुनःसंरचना गर्ने महाराजको अठोट देखाउँथ्यो । सन् साठीको दशकको मध्यतिर विद्यार्थीहरूले जुन दंगाफसाद मच्चाए र मानविकी पढेका युवामा जो बेरोजगारी देखियो, त्यसले आसन्न संकटतर्फ संकेत गऱ्यो, र त्यसैलाई सम्बोधन गर्ने प्रयत्नको फलस्वरूप यो योजना आएको थियो" (राग्स्डेल सन् १९८९ : ८९) ।[१६] अर्का अनुसन्धाता हेयसले लेखे :

> विश्वविद्यालयका स्नातकहरू यति तीव्र गतिमा उत्पादन हुँदैछन् कि तिनलाई श्रमबजारमा खपत गर्न कठिन भएको महशुश धेरै मुलुकले गरेका छन् । ... आफूले पाएको शिक्षा र तालिम अनुरूपको काम पाउन नसक्ता उनीहरूमा उग्र राजनीतिक बानीबेहोरा देखिन थालेको छ । नेपालले यो समस्यालाई खुट्ट्याएर सोको सम्बोधन गर्न नयाँ शिक्षा योजना तयार गरेको हो । समस्या चर्केर गम्भीर नबन्दै त्यसलाई हल गर्नका लागि ल्याइएको महत्वाकांक्षी योजना थियो यो ।
>
> यो योजना अन्तर्गत प्राथमिक विद्यालयमा भर्ना हुने जम्मा दुई प्रतिशत विद्यार्थीले मात्र उच्च शिक्षा पाउनेछन् र उनीहरूलाई आधारभूत तहको व्यावसायिक

[१६] सन् १९६१–१९७५ को विद्यार्थी राजनीतिबारे जान्न बराल सन् (१९७५) हेर्नुहोस् ।

> शिक्षा दिइनेछ । विद्यार्थीको एउटा निक्कै सानो हिस्साले मात्रै उच्च अध्ययन गर्ने मौका पाउनेछन् र तीमध्ये धेरै विज्ञान, प्रविधि तथा सामान्य प्रशासन जस्ता प्रयोगात्मक विषय अध्ययन गर्नेछन् । (हेयस सन् १९८१ : ६७६–६७७)

माथिका उद्धरणहरूले के बताउँछन् भने यदि समयमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको संख्यालाई नियन्त्रण नगर्ने हो भने शिक्षा क्षेत्र (विद्यार्थीजगत) बाट राजनीतिक संकट निम्तिने शासकहरूले देखिसकेका थिए । त्यसैले, नयाँ शिक्षा योजना अन्तर्गत राज्यले शिक्षा-विस्तारको यस्तो रणनीति बनायो, जसले भविष्यमा उच्च शिक्षार्थीको संख्या स्वचालित हिसाबले नै नियन्त्रित हुन्थ्यो । कुनै हिसाबको रोजगारी दिई राज्यले व्यवस्थापन गर्न सक्ने संख्यामा मात्र शिक्षितजन उत्पादन गर्न खोजिएको थियो । यद्यपि, उपल्लो तहबाट शिक्षा-नियोजनको आरोपलाई खारेज गरिएको थियो । राजा वीरेन्द्रले दाबी गरेका थिए, "शिक्षा योजना नियोजनको लागि होइन, देशको प्रयोजनका लागि अवश्य हो ।"[१७] सरकारी दाबीप्रति जनमानसमा अविश्वास भएपछि नयाँ शिक्षाका सकारात्मक पाटाहरू उजिल्याउन विभिन्न गण्यमान्य व्यक्तिलाई प्रयोग गरेको थियो (हेर्नुहोस्, तस्बिर ५.३) ।

शिक्षा मन्त्रालयमा लामो समय काम गरी सहसचिवको पदबाट निवृत्त भएका गोपीनाथ शर्माले सो योजनाबारे आफ्नो पुस्तकमा लेखेका छन् :

> सिमित संस्था र व्यक्तिविशेषलाई अति गोप्य अति जरुरी गरी योजनाको मसौदा राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्मा पेश भै छलफल हुँदा योजना लागू गर्न समय भै नसकेको ठहर गरी सोही व्यहोरा तत्कालीन शिक्षा मन्त्री वासुदेव ढुंगानाले श्री ५ महाराजधिराजमा जाहेर गरेको बुझिन्थ्यो । योजना माथि पुनः विचार गरी पेश गर्ने भन्ने भएपछि त्यसको आसय बुझी राष्ट्रिय शिक्षा सल्लाहकार सदस्य प्रो. यदुनाथ खनालले परिषद्को सदस्यताबाट त्याग-पत्र दिनु भएको थियो । (शर्मा २०६९ : २३८)

शर्माले यसबारे पुस्तकमा थप विवरण दिएका छैनन्, र "बुझिन्थ्यो" भनेर तथ्यको विश्वसनियतामा समेत अलि प्रश्न उठ्न दिएका छन् । तथापि, माथिका उद्धरणले योजनाको उद्गम र त्यसका केही सन्दर्भबारे बताउँछन् । उक्त योजना दरबारले भर गरेका केही व्यक्तिहरूको एउटा गुप्ती समूहले तयार गरेको थियो । अनि, सरकारी शिक्षा परिषद्लाई पनि सो योजना बनाउने क्रममा सामेल/जानकारी गराइएको थिएन, र योजना तयार भइसकेपछि फगत औपचारिकताका लागि अनुमोदन गर्न मात्र भनिएको थियो भन्ने प्रस्ट हुन्छ । परिषद्

[१७] उप्रेती (२०३०) मा उद्धृत । उप्रेतीको लेखको शीर्षकको रूपमा यो उद्धरण आएको छ ।



तस्बिर ५.३ : नयाँ शिक्षा बारेको प्रचार सामग्री (स्रोत : राशिसका २०२९) ।

सल्लाहकार खनाल आफैले यसबारे कतै लेखेको मैले अद्यापि भेटेको छैन, तर चाखलाग्दो कुरा के हो भने नेपालको शिक्षा (पहिले) र कूटनीतिक क्षेत्रका "भेट्रान" खनाल—जसले सदैव राज्यले मागेका बखत सहयोग गरिरहे, र कहिल्यै सार्वजनिक आलोचना गरेनन्—ले नै असन्तुष्टि जनाएर राजीनामा दिनुपर्ने अवसर आयो । शर्माका अनुसार सो योजनाको मूल मर्मसँग खनाल खुसी थिएनन् । त्यसै गरी, शिक्षा मन्त्रालयमै लामो समय काम गरेका अर्का कर्मचारी स्थानेश्वर शर्माले बताए :

> मलाई विद्यालय सञ्चालक समितिको नियमावलीको खेस्रा गर्न भनिएको थियो । विद्यालयमा राज्यको नचाहिँदो नियन्त्रण भएकाले मैले मस्यौदा गरेको नियमावलीमा समुदायलाई नै थप अधिकार दिने प्रावधान राखें । मेरो हाकिमले मलाई बोलाएर भने—"तपाईंले बनाएको त ठीक हो, तर 'माथिकाहरू'ले चाहेको यो होइन ।

भैगो, म अरूलाई नै यो काममा लगाउँला ।" पछि पो उनीहरूले के चाहेका रहेछन् भन्ने मलाई थाहा भयो । उनीहरूले त थप नियन्त्रण पो गर्न खोजेका रहेछन् ।[१८]

यसअघि गरिएका कानूनी परिवर्तनहरूले विद्यालय र तिनका सञ्चालक समितिहरूलाई धेरै हदसम्म राज्यको नियन्त्रणमा ल्याइसकेको थियो । तर, त्यो पर्याप्त भएन । नयाँ शिक्षा योजनासँगै मुलुकभरका विद्यालयहरूलाई राष्ट्रियकरण गरियो—ती राज्यका सम्पत्ति हुन पुगे, एउटै निर्णय मार्फत । नयाँ योजनाले विभिन्न विद्यालयका सञ्चालक समितिहरूलाई केन्द्रीकृत गरी एउटै जिल्ला शिक्षा समिति बनायो, जसमा जिल्ला पञ्चायतका सभापति, प्रमुख विकास अधिकृत, जिल्ला शिक्षा अधिकारी, एउटा माध्यमिक विद्यालयको प्राचार्य, अञ्चलाधीशले मनोनयन गरेका तीन जना व्यक्ति सदस्य रहने भए । यो नयाँ समितिले विद्यालयहरूका सञ्चालक समितिलाई आफ्नो पकडमा राख्यो । पहिलेको विद्यालय सञ्चालक समितिको ठाउँमा नयाँ "विद्यालय सञ्चालन सहयोग समिति" नाउँको अर्को समिति विद्यालयमा गठन हुने भयो । यो समितिले विद्यालय सञ्चालन सम्बन्धी कुनै निर्णय गर्न सक्थेन; मागिएमा सल्लाह दिने सम्मको मात्र भूमिका यसलाई दिइएको थियो ।

शिक्षालयहरूलाई राष्ट्रियकरण गरिसकेपछि सबै विद्यालय उपर सरकारको सम्पूर्ण पकड स्थापित भयो । आफ्नो मातहत आइसकेपछि उसले जिल्ला शिक्षा समिति मार्फत जिल्लाका कतिपय विद्यालयहरूको "तह" झारिदियो । अर्थात्, थुप्रै माध्यमिक विद्यालय (मावि) हरूले अब निम्न माध्यमिक (निमावि) तहसम्म मात्र पढाउन पाउने भए, अनि थुप्रै निमाविहरूलाई तह घटुवा गरी प्राथमिक तहसम्म मात्र पढाउने इजाजत दिइयो (वीर सन् १९८८) । कतिपय विद्यालयहरू अर्को विद्यालयमा गाभिए पनि ।

पहिले कक्षा १–५ लाई प्राथमिक विद्यालय (प्रावि) भनिने गरेकोमा सो घटाएर अब कक्षा १–३ लाई प्राथमिक तह बनाइयो । मुलुकका धेरै गाउँठाउँहरूमा प्राथमिक विद्यालय मात्र थिए । तिनमा पहिले पाँच कक्षासम्म पढाइने गरेकोमा अब तीन कक्षासम्म मात्र पढाइ हुन थाल्यो । यो निर्णयका कारण साना उमेरका विद्यार्थी (८–९ वर्ष) या त उपल्लो तहमा पढ्न टाढाको अर्को गाउँ जानुपऱ्यो या स्कूलै छाड्नुपऱ्यो । यदि यी बालबालिकाले थप दुई वर्ष आफ्नै गाउँमा पढ्न पाएका भए उनीहरू अलि "पाका" हुन्थे र सम्भवतः अर्को गाउँमा गएर पढाइलाई निरन्तरता दिन सक्थे । तर, सानो उमेरका भएकाले उनीहरू पढ्न अर्को टाढाको गाउँमा जान नसक्ने, वा बाउआमाले नपठाउने भए । यो निर्णयले मात्रै पनि ठूलो संख्यामा सम्भावना बोकेका तर स्रोत नभएका विद्यार्थीलाई उपल्लो तहमा पुग्नबाट रोक्यो । कलेजहरूको स्थिति पनि त्यस्तै थियो । राग्स्डेलले लेखेका छन् : "सन् साठीको

[१८] पञ्चायतकालमा "माथि" भन्नाले आफू माथिका हाकिमलाई जनाउँथ्यो । र, राजदरबारतर्फ संकेत गर्नु परे पनि "माथि" नै भनिन्थ्यो । शर्मासँग डिसेम्बर २००६ मा गरिएको कुराकानी ।

दशकमा मानविकी र समाज विज्ञान पढाउने गरी खुलेका थुप्रै कलेज या त बन्द गरिए या अन्य इन्स्टिच्यूटका अंग बनाइए" (राम्स्डेल सन् १९८९ : ९१; अर्याल सन् १९७० र भट्ट सन् १९८२ पनि हेर्नुहोस्) ।

सामुदायिक तवरबाट खोलिएका समग्र विद्यालय सरकारी विद्यालय बनाइएसँगै ती विद्यालयमा कार्यरत शिक्षकको ठूलो हिस्सा पनि सरकारी कर्मचारीमा रूपान्तरण भए । केही छानबिन पश्चात् ती शिक्षकले अब सरकारबाट मासिक तलब पाउने भए, र उनीहरूको तलब-सुविधामा पनि केही बढोत्तरी गरियो । न्यून तलबमा काम गरिरहेका धेरै शिक्षकका लागि यो स्वागतयोग्य कदम थियो (भट्ट सन् १९८२) । तर, यससँगै, आफूले पढाउने विद्यार्थी र तिनका अभिभावकप्रति होइन कि दूरको सरकारी निकाय, जसका प्रतिनिधि यदाकदा मात्रै विद्यालय पुग्थे, प्रति शिक्षकहरू उत्तरदायी हुने भए । यो योजनापछि विद्यालय र कलेजमा गठन हुने गरेका विद्यार्थीहरूका संगठन/समितिहरू खारेज गरिए, र शिक्षा क्षेत्रमा सरकारको पकडलाई थप मजबुत तुल्याइयो (हेर्नुहोस्, नाम उल्लेख नभएको २०४२; राणा २०५१) ।

बहुभाषी नेपाललाई नेपालीकरण गर्ने प्रक्रिया सन् १९५० को दशकको मध्यतिरबाट शुरू भएको थियो—नेपालीलाई एकमात्र माध्यम-भाषा बनाएसँगै (हेर्नुहोस्, पाण्डे, के.सी. र ऊड सन् १९५६; च्यापले सन् २०१९) । यो प्रक्रियाले सन् १९६० को दशकमा थप बल पायो । यही दशकमा राजतन्त्रलाई पाठ्यक्रममा महत्ताका साथ हुलिएको थियो; अलिपछि सामाजिक शिक्षाको पाठ्यपुस्तकमा "पञ्चायत" छिराइएपछि अझ अगाडि बढ्यो (हेर्नुहोस्, श्री ५ को सरकार २०२८; वन्त सन् १९९६) । तर, खासमा भन्ने हो भने नयाँ शिक्षा योजना क्रियान्वयन सँगै राष्ट्रिय एकीकरण र राष्ट्रिय पुनःनिर्माणका नाउँमा वैचारिक "इन्डक्ट्रिनेशन" को अभियानले गति पकडेको हो (हेर्नुहोस्, अध्याय ६) । नयाँ शिक्षा योजनाका एक प्रमुख विचारक मोहसिनका अनुसार :

> शिक्षा नै आस्थावान/बफादार (मेन अफ फेथ) उत्पादन गर्ने प्रमुख साधन हो, तसर्थ नयाँ शिक्षा योजनाको प्रमुख उद्देश्य भनेकै शिक्षालाई राष्ट्रनिर्माणको अभियानका लागि उपयुक्त तुल्याउनु हो । पाठ्यक्रम, पाठ्यपुस्तक, आदि राष्ट्रिय यथार्थता र आवश्यकतासँग नजोडिने हो भने शिक्षा उत्पादनमूलक र विकास-केन्द्रित हुन सक्दैन । नयाँ शिक्षा योजनाले शिक्षालाई समीचीन र व्यवहारोपयोगी तुल्याउन खोजेको छ । खासगरी सामाजिक शिक्षाको पाठ्यक्रमलाई पूर्णतः परिवर्तन गर्न खोजिएको छ । प्रत्येक तहको पाठ्यक्रम तयार गर्ने क्रममा मुलुकका लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यतर्फ ध्यान दिइएको छ । (मोहसिन सन् १९८० : ३)

शिक्षाले "मेन अफ फेथ" उत्पादन गर्ने भएपछि हस्तक्षेप गर्नका लागि पाठ्यपुस्तकभन्दा उपयुक्त अर्को ठाउँ हुन्थेन । त्यसैले, नयाँ पाठ्यक्रमले विद्यार्थीलाई श्रमको महत्तालाई आत्मसात गर्ने, देश र नरेशभक्ति सिकाउने एवं बफादार तुल्याउने र निर्दलीय पञ्चायती प्रजातन्त्रलाई राम्ररी बुझ्ने तुल्याउन खोज्यो (हेर्नुहोस्, श्री ५ को सरकार २०२८) । कलिला विद्यार्थीको दिमागमा विचारधारा थोपरेर तिनलाई निश्चित साँचोमा ढाल्ने काम कक्षा तीनबाटै शुरू हुन थाल्यो । मानवशास्त्री राम्स्डेलले लेखेका छन्, "प्राथमिक तहको नयाँ नेपाली किताब विद्यार्थीलाई साधारण पढ्न लेख्न सिकाउने हिसाबले शुरू हुन्छ, तर तीन कक्षा पुग्दानपुग्दै यो साधारण तौरतरिका (अप्रोच) छाडेर बच्चाहरूलाई नागरिकता र पञ्चायत व्यवस्थाबारे थोपर्न थालिन्छ, जसलाई बुझ्नु ती विद्यार्थीमध्ये धेरैको बुताभन्दा बाहिरको कुरा हो" (सन् १९८९ : ११९; वन्त सन् १९९६ पनि हेर्नुहोस्) । जम्मा तीन कक्षा मात्र पढ्ने कलिला उमेरका विद्यार्थीमा यस्तो विचारधारा थोपर्नुको मुख्य कारण नयाँ शिक्षा योजनाले उनीहरूमध्ये धेरैलाई त्यसमाथि पढ्न जान नदिने योजना बनाएकाले हो । तात्कालिक समयमा प्रकाशित युनेस्कोको एउटा प्रतिवेदनमा सरकारको प्राथमिक शिक्षालाई १–५ कक्षाबाट १–३ कक्षामा झार्ने कदमको झिनो स्वरमा आलोचना गरिएको छ, "धेरै शिक्षाविद्हरू पहिलो तहको सिकाइका लागि कम्तिमा पनि चार वर्षको पढाइ चाहिने ठान्छन् । ... भविष्यमा प्राथमिक तह तीन वर्षबाट पक्कै लम्ब्याइने छ" (मक्याब र पाध्ये सन् १९७५ : ४५) । हुन पनि, एक दशक नपुग्दै प्राथमिक तहलाई पुनः पाँच वर्षको बनाइयो ।

उच्च शिक्षामा ठूलो संख्यामा विद्यार्थीहरू नपुगून् भनेर नयाँ शिक्षा योजनाले परीक्षा पद्धतिमा सुविचारित हिसाबले हस्तक्षेप गऱ्यो । केन्द्रीय तहबाट गरिने दश कक्षाको परीक्षा (एसएलसी) का अतिरिक्त दुइटा अरू "बाधा" थपिए—एउटा तीन कक्षामा र अर्को आठ कक्षामा—ताकि थोरै विद्यार्थी मात्र अर्को तहमा पुग्न सकून् । योजना अनुसार, प्राथमिक तहमा भर्ना भएका ४० प्रतिशत विद्यार्थी मात्र निम्न माध्यमिक तह (कक्षा ४–७) मा जान सक्ने भए । र, निम्न माध्यमिक तहमा पढ्ने ५० प्रतिशत विद्यार्थी मात्र उपल्लो तह अर्थात् माध्यमिकमा पुग्न सक्ने भए, जुन शुरूको तहको २० प्रतिशत हुन्थ्यो (मकालु बुक्स २०६२ : २५४; श्री ५ को सरकार २०२८) । यस बाहेक, सरकारले माध्यमिक तहबाट कलेज पढ्न जाने विद्यार्थीको संख्या पनि घटाउन चाह्यो । तात्कालिक अवस्थामा माध्यमिक तहमा पढ्ने विद्यार्थीमध्ये २७ प्रतिशतले कलेज पढ्ने गरेकामा त्यसलाई घटाएर १९ प्रतिशतमा झार्ने योजना बनाइयो (श्री ५ को सरकार २०२८) । समग्रमा, प्रावि तहमा पढ्ने विद्यार्थीमध्ये २ प्रतिशतलाई मात्र उच्चशिक्षा (आईएदेखि माथि) पढ्न दिने सरकारको योजना थियो । शिक्षाविद् शंकरदेव पन्तले यो नियन्त्रणको योजनाको विरोध गरेका थिए । उनका अनुसार "गुणात्मक वृद्धिको नाममा संख्यात्मक वृद्धि कम गरिने भएको छ । परीक्षा सुधारको फलस्वरूप कलेजहरूमा ३/४ विद्यार्थीमात्र उत्तीर्ण हुन्छन्" (पन्त २०६१[२०३०] :

२५) । सरकारी राष्ट्रिय योजना आयोगले हिसाबकिताब गरे अनुरूप राष्ट्रलाई चाहिने संख्यामा मात्र "म्यानपावर" उत्पादन गर्ने उद्देश्यका साथ उच्च तहमा पढ्न प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्ने र कामको अनुभव समेत हुनुपर्ने प्रावधान ल्याइयो ।[१९]

विद्यार्थी संख्या नियोजन गर्ने सरकारी सूत्रलाई वीरले यसरी लेखेका छन् :

> उच्च अध्ययन गर्नेहरूलाई दुरुत्साहित गर्ने उद्देश्यले शासकहरूले उच्चशिक्षामा व्यवधानहरू थपे । यद्यपि, यस्ता अवरोध राणा शासकहरूले गरेका व्यवस्थाभन्दा भिन्न थियो । राज्यले कलेजमा नजान भनेन [दुरुत्साहित गरेन], तर सायद आफ्नो योजना अनुरूपको परीक्षाफल निकाल्यो । शिक्षक र विद्यार्थीसँग कुरा गर्दा प्रायः सुनिने टिप्पणी हो—थौरै विद्यार्थी उत्तीर्ण गराउने सरकारको नीति नै हो । एक चौथाईभन्दा बढी विद्यार्थीलाई उत्तीर्णांक दिइँदैन । यसरी करिब तीन-चौथाई विद्यार्थीलाई कलेजबाट घर पठाइन्छ, जो पूर्वविद्यार्थीको रूपमा अर्को वर्ष पुनः परीक्षामा सामेल हुन्छन् । (वीर सन् १९८८ : ४४)

हुन पनि, नयाँ योजनामा धेरै संरचनात्मक परिवर्तन गरिएको थियो ताकि एउटा सानो समूहले मात्र उच्च शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गरोस् । पहिले न्यूनतम ३३ अंक ल्याउने परीक्षार्थीलाई उत्तीर्ण बनाइँदै आएकोमा अब न्यूनतम ४० ल्याउने मात्र उत्तीर्ण हुने भए । तीन तहका अन्तिम खुट्किलाका परीक्षालाई केन्द्रीय (अधिल्ला दुई तह जिल्ला मुकामबाट) तहबाट सञ्चालन गर्ने र विद्यालयहरू उपर नियन्त्रण गरेर सरकारले विद्यार्थी संख्या नियमन गर्न थाल्यो । परीक्षामा "राम्रै" गरे पनि सरकारले निश्चित सीमा तोकिदिएकाले विद्यार्थीहरू अर्को तहमा जानबाट वञ्चित गरिन थाले । अर्को व्यवधान चाहिँ प्रवेश परीक्षा थियो, जसको विद्यार्थीहरूले धूवाँधार विरोध गरेकाले त्यसमा केही खुकुलोपना ल्याउन सरकार बाध्य भएको थियो (हेर्नुहोस्, भट्ट सन् १९८२) । विद्यार्थीको विरोधका कारण प्रवेश परीक्षामा धेरै कडाइ गर्न अप्ठेरो भएकाले सरकारले लिने अन्तिम परीक्षालाई झनै कसिलो बनाइयो ।[२०]

[१९] सरकारको आदेशानुसार राष्ट्रिय योजना आयोगले नेपालमा शैक्षिक बेरोजगारीको अवस्थाबारे अध्ययन गऱ्यो, र आउँदा वर्षमा मुलुकलाई चाहिने "म्यानपावर" बारे आकलन गऱ्यो । यो अवधिमा म्यानपावर र शिक्षा बारेका थुप्रै लेख र किताब/प्रतिवेदन प्रकाशित भएको देखिन्छ (उदाहरणका लागि हेर्नुहोस्, एनपीसी सन् १९६८; गुरुङ सन् १९७२, सन् १९७३; मानन्धर सन् १९७४, सन् १९८३; मोहसिन सन् १९७३, सन् १९७४ आदि) ।

[२०] विद्यार्थीको सफलता दर एसएलसीमा भन्दा उच्चशिक्षामा अझ कमजोर रहँदै आएको छ—औसतमा १० प्रतिशतभन्दा तल (शर्मा सन् १९८९) ।

शिक्षामा लगानी खेर जाने (वेस्टेज) मुद्दा पनि यहाँनेर महत्त्वपूर्ण छ । महेन्द्रले शासनसत्ता लिनुअघि नै मुलुकको विद्यार्थी उत्तीर्ण-दर कम थियो । पाठ्यपुस्तक र अन्य सन्दर्भ-पुस्तकको अभाव थियो, शिक्षक (तालिमप्राप्तको के कुरा भो र ?) को अभाव उस्तै थियो । यस्तो अवस्थामा ठूलो संख्यामा विद्यार्थी अनुत्तीर्ण हुनु अस्वाभाविक पनि सायद थिएन । सन् १९६० को शुरूआतदेखि नै यो शिक्षामा गरिएको लगानी खेर जाने पक्षलाई एउटा समस्याको रूपमा हेरिँदै आएको थियो । युनेस्कोको रिपोर्ट (ऊड र नाल सन् १९६२) र अन्य शिक्षाविद्हरूले एउटा विद्यार्थी फेल हुँदा ऊमाथि गरिएको लगानी खेर जाने (वेस्टेजको रूपमा हेर्ने गरिएको) हुनाले यसप्रति चिन्ता जाहेर गर्दै सरकारलाई यो समस्या समाधान गर्न अनुरोध गरिरहेका थिए (अर्याल सन् १९७०) । रोचक त के भने, "वेस्टेज" को यस्तो समस्या समाधान गर्नुभन्दा पनि सरकारले त्यसलाई थप मलजल गऱ्यो : सकेसम्म धेरै विद्यार्थीलाई फेल गरेमा उनीहरूलाई जागिर दिनु नपर्ने हुनाले बेरोजगारीको समस्या (र त्यस मार्फत आउने राजनीतिक समस्या) हल हुने उसले ठान्यो ।

शिक्षाविद् कृष्णराज अर्याल नयाँ योजना (सार्वजनिक नहुँदै) को नियन्त्रणमुखी रणनीतिबारे जानकार थिए कि भन्ने देखिन्छ । सन् १९७० मा उनले सचेत गराएका थिए : यदि उच्च शिक्षालाई सानो समूहमा सीमित गर्ने हो भने उच्च शिक्षाको प्रतिफल सम्भ्रान्तहरू, बुद्धिजीवी र धनीमानीको सानो समूहका बच्चाबच्चीले मात्र पाउँछन् (अर्याल सन् १९७० : १०९) । उनले यस्तो कार्यको आलोचना गर्दै थपे :

> अहिले केही शिक्षाविद् र प्रशासकहरूमा उच्च शिक्षाको विस्तारले बेरोजगारी बढाउँछ भन्ने गलत विचारले घर गरेको छ । ... विश्वभर यस्ता धेरै मुलुक छन् जहाँ उच्च शिक्षालाई सीमित गरिएको छैन, बरु अवसरलाई दिनानुदिन विस्तार गरिँदैछ । यी मुलुक बेरोजगारी समस्याको चपेटामा परेका छैनन् । तसर्थ, उच्च शिक्षा प्राप्त गर्नबाट रोक्नुको साटो सोचिएको परिणाम प्राप्त गर्नेतर्फ उच्चशिक्षालाई निर्देशित गर्न जरुरी छ । (अर्याल सन् १९७० : ११०)[२१]

विद्यार्थीलाई असफल तुल्याउँदा त्यसले दूरगामी प्रभाव पार्छ । सक्षम र जेहेनदार हुँदाहुँदै पनि विद्यार्थीको ठूलो हिस्सालाई "असफल" को श्रेणीमा राखिदिएर राज्यले उनीहरूको आत्मबल र मानसिकतामा आँच पुऱ्याइरहेको थियो (हेर्नुहोस्, माथेमा र विष्ट सन् २००५) । एक हिसाबले भन्ने हो भने, राज्यले ती कलिला दिमागलाई भनिरहेको

[२१] हेर्नुहोस्, हेयस (सन् १९७६, सन् १९८१); वीर (सन् १९८८); राग्स्डेल (सन् १९८९), आदि, जसले विद्यार्थी संख्या नियोजन गर्ने पञ्चायती सरकारको कार्यलाई सकारात्मक रूपमा नै व्याख्या गरेका छन् ।

थियो, "हेर, तिमीहरूलाई हामीले पढ्ने-गुन्ने सबै अवसर दियौँ, शिक्षकको तलब दियौँ, लागत घटाइदियौँ, तथापि तिमीहरू उत्तिर्ण हुन सक्दैनौ भने यो तिमीहरूको समस्या हो। समस्या तिमीमा छ, हामीमा होइन।" राज्य-संयन्त्रले तिकडम लगाएर काविल विद्यार्थीलाई समेत अक्षमको ढब्बा लगाएको तथ्य बुझ्न न विद्यार्थीले सक्थे, न तिनका अभिभावकले। उनीहरू त ठान्थे, राज्यले लागेपुगेको गरिरहेकै छ। त्यसैले सरकारको आलोचना गर्ने ठाउँ उनीहरू खासै देख्दैनथे। तर, वास्तवमा सरकार/राज्य-संयन्त्र उनीहरूलाई धोका दिइरहेको थियो, र "असफल" विद्यार्थीहरूको पुस्ता तयार गर्दै थियो।

तसर्थ, राष्ट्रिय शिक्षा पद्धतिको योजनाले उद्घोष गरेको आमूल शिक्षा सुधारको मुख्य ध्येय सानो उमेरदेखि नै विद्यार्थीको दिमागलाई निश्चित साँचोमा ढाल्ने थियो; र पञ्चायत पद्धतिभित्र समाहित हुन सक्ने (व्यवस्थाले धान्न सक्ने) सीमित संख्यामा "म्यानपावर" उत्पादन गर्नु थियो। यो योजना मार्फत राज्यले उसका आफ्ना प्रोपागाण्डा पढ्न-बुझ्न सक्ने साधारण साक्षर रैती उत्पादन गर्ने ध्येय लिएको थियो। ऊ चाहँदैनथ्यो जनताहरू शिक्षित होऊन्; स्वतन्त्र विचार गर्ने, विश्लेषण गर्ने र आलोचनात्मक प्रश्न गर्ने होऊन् (हेर्नुहोस्, फ्रेअरी सन् १९७०; कुमार सन् १९९१)। सुविचारित र सुनियोजित हिसाबले तयार गरिएका पाठ्यक्रम र पाठ्यपुस्तक मार्फत लाए-अराएको मान्ने रैती उत्पादन गर्ने र शासक/राज्यसत्ताको विकासवादी/आधुनिकतावादी आवरण पनि प्रदर्शन गर्ने हुनाले यो अवधिमा विद्यालयहरू (खास गरी प्राथमिक विद्यालय) को विस्तार भने जारी रह्यो।[२२]

पञ्चायतकालीन राजनीति र नीतिहरूको स्थानीय प्रभाव

यो खण्डमा म पञ्चायतकालीन शिक्षा नीतिहरूले स्थानीय तवरमा पारेका केही प्रभाव (अपेक्षित र अनपेक्षित दुवै) लाई केलाउनेछु। पोखराको सबैभन्दा पुरानो आधुनिक स्कूल राष्ट्रिय माध्यमिक विद्यालय (पहिलेको पब्लिक मिडिल स्कूल) हो। यो विद्यालय एक हिसाबले स्थानीय अभियन्ताहरूको पहिलो संगठित अभियानको सामूहिक अभिव्यक्ति पनि हो (हेर्नुहोस्, पराजुली सन् २००८, सन् २००९)। महेन्द्रको सन् १९६० को राजनीतिक कदमपछि विद्यालयका संस्थापक/सञ्चालकहरूले यो विद्यालय उपर आफ्नो नियन्त्रण गुमाए। यसअघि पनि जिल्लाका बडाहाकिमले यो स्कूलमा आँखा गाडेका थिए। विद्यालयलाई आफ्नो मातहत ल्याउन खोज्दा स्थानीय अभियन्ताहरूले धूवाँधार विरोध

[२२] शिक्षा पद्धतिकै अभिन्न अंग भए पनि पुस्तकालयहरूको भूमिका अलि भिन्न थियो। तिनले सरकारले चाहेका भन्दा भिन्न ज्ञान समेत आर्जन गर्न सक्ने स्थान उपलब्ध गराउँथे र स्वतन्त्र र आलोचनात्मक ज्ञान समेत निर्माण गर्न सक्थे, जसलाई तानाशाहहरू रुचाउन्नथे। त्यसैले पनि पुस्तकालयहरू असमयमै सखाप पारिएका थिए (हेर्नुहोस्, पराजुली सन् २०१९)।

गरेकाले उनको प्रयत्न सफल हुन सकेको थिएन । तर, नयाँ कानूनी व्यवस्थाका कारण उनीहरू निरीह बने—बडाहाकिमको नेतृत्व मान्न बाध्य भए ।

प्रारम्भमा सञ्चालक समितिको अध्यक्ष बाहेक अरू खासै परिवर्तन भएन । तर, विद्यालयले आफ्ना दुई प्रमुख व्यक्ति—सञ्चालक समितिका अध्यक्ष प्रेमचैतन्य ब्रह्मचारी र संस्थापक सदस्य ऋषिकेशव पराजुली—गुमायो । प्रेमचैतन्य र ऋषिकेशव दुवै शाही कूपछि भारततर्फ निर्वासित भए । केही वर्षपछि ऋषिकेशव पोखरा फिर्ता भए, तर २०१५ सालको संसदको माथिल्लो सदन महासभाका सदस्य समेत रहेका प्रेमचैतन्यलाई पोखराले सधैँका लागि गुमायो । भखरै खुलेको पृथ्वीनारायण क्याम्पसका पनि हर्ताकर्ता थिए ऋषिकेशव; उनी कन्या स्कूल, नवीन स्कूल, आदिमा पनि विभिन्न भूमिकामा सक्रिय थिए । उनको अनुपस्थितिले पक्कै ती संस्थाका गतिविधिमा थोरबहुत प्रभाव पऱ्यो । यसरी व्यवस्था परिवर्तन र राज्य नियन्त्रणका कारण नै पोखराका अन्य शैक्षिक संस्थाले आफ्ना एक-दुई सदस्यहरू गुमाए । अहिले, दशकौँपछि, आफ्ना मुख्य सक्रिय र राम्रो पूँजी (सामाजिक र अन्य) भएका व्यक्ति गुमाउँदा त्यसले ती संस्थामा परेको प्रभाव आकलन गर्न सजिलो छैन ।

केही विद्यालयले आफ्ना संस्थापक/सदस्य गुमाउनुका अतिरिक्त अरू दुःख समेत भोगे । पोखराको तालबाराही स्कूल यसको एउटा उदाहरण हो । २०१७ सालको राजनीतिक परिवर्तनको केही वर्षपछि विद्यालय सञ्चालक समितिका सबै सदस्य र कर्मचारी (पाले र प्रधानाध्यापक समेत) लाई प्रशासनले गिरफ्तार गऱ्यो । अरूलाई केरकारपछि छाडिदिए पनि लीलाभक्त आचार्य, मीनबहादुर गुरुङ, तर्कबहादुर कुँवर, कृष्णबहादुर कुँवर, भक्तबहादुर कार्की र प्रधानाध्यापक टेकनाथ बराललाई बन्दी बनाइयो । फेवाताल (बैदाम) स्थित रत्न-मन्दिरमा जोडिएको टेलिफोनको तार चोरेको आरोपमा उनीहरूलाई पक्रेर दण्ड दिइएको थियो । तात्कालिक प्रधानाध्यापक बरालले आफूहरू पक्राउ परेको घटनाबारे यसरी बताए :

> त्यस बखत हाम्रो स्कूलको भवन थिएन, तर हामी बनाउन खोजिरहेका थियौँ । मेरो अलि व्यस्तताका कारण सञ्चालक समितिको मिटिङ राती भात खाइसकेपछि बोलाउने निधो गरियो । हामी सबै एकै गाउँ-ठाउँका भएकाले रातीमा जम्मा हुनु कुनै ठूलो कुरा थिएन । हाम्रो खासै स्रोत नभएकाले हाम्रो इलाकामा भएका केही सार्वजनिक रूख काटेर तिनैलाई बेच्ने निधो गरियो । तर भोलिपल्टै हामी सबैलाई पक्रिइयो । पिउन्लाई धरि छाडिएन । म बाहेक बाँकी सदस्य [विद्यालय सञ्चालक समितिका] पहिले नेपाली काँग्रेससँग सम्बन्धित भए तापनि मिटिङ

> राजनीतिक विषयको थिएन । म त काँग्रेसी पनि थिइन । अझ वास्तवमा भन्ने हो भने म त युवक संगठनको जिल्ला अध्यक्ष थिएँ ।[२३]

रत्नमन्दिरमा जोडिएको टेलिफोनको तार कसै अरूले चोरेको हुन सक्छ, र नहुन पनि सक्छ । एक त रातमा मिटिङ गरिनु, त्यसमाथि पनि प्रतिबन्धित दलका पहिलेका चल्तापुर्जा सदस्यहरूको संलग्नता (लीलाभक्त एक समय नेपाली काँग्रेसका जिल्ला सभापति थिए, मीनबहादुर सांसद र रक्षा उपमन्त्री भइसकेका थिए, कृष्णबहादुर र तर्कबहादुर जिल्ला तहका काँग्रेसका नेता थिए) हुनु उनीहरूका लागि महँगो पऱ्यो । अभियन्ताहरूलाई हतोत्साही तुल्याउने फगत बहाना चाहिएको थियो, राज्यका एजेन्टहरूलाई । व्यवस्थापन समिति सदस्य र प्रधानाध्यापकलाई ठिँगुऱ्याउँदा त्यसले विद्यालय सञ्चालनमा प्रभाव पर्छ भन्ने उनीहरूले सोचेनन् । उनीहरूलाई न विद्यार्थीको, न स्कूलको भविष्यको कुनै वास्ता थियो । अभियन्ताहरूलाई पक्राउ गरेपछि केही समयसम्म विद्यालय बन्द रह्यो ।[२४]

पोखरा बजारको पूर्वी भेकमा स्थापित अर्को स्कूल भद्रकाली मावि हो । राणा शासनको पतनलगत्तै खोलिएको यो स्कूललाई आफ्नो पकडमा राख्न राज्यका एजेन्ट र स्थानीय अभियन्ताहरूले गरेका प्रयासले यो स्कूल रणमैदानमा परिणत भएको थियो । शुरूआती केही कठिनाइका बावजुद यो विद्यालय माविमा बढोत्तरी भइसकेको थियो; र यसको एसएलसीको रिजल्ट पनि राम्रै थियो । तर, चाँडै नै यो विद्यालय समस्याको भूमरीमा फँस्यो । विद्यालयका प्रधानाध्यापक टीकाराम कोइरालालाई वित्त अपचलन गरेको र अत (अराष्ट्रिय तत्त्व) भएको आरोपमा पक्राउ गरियो ।[२५] कोइरालाले भने :

> मलाई विद्यालयको रकम हिनामिना गरेको र अत [अराष्ट्रिय तत्त्व] भएको आरोप लगाएका थिए । तर, सबै हिसाब-किताब दुरुस्त भएको र एकै पैसा पनि तलमाथि नगरेकाले उनीहरूले गर्न सक्ने कुरा धेरै थिएन । ... अर्को आरोप पनि

[२३] पञ्चायती व्यवस्था अन्तर्गत स्थापना गरिएका विभिन्न छ वर्गीय संगठनमध्ये युवक संगठन पनि एक थियो (हेर्नुहोस्, बराल सन् २०१२[सन् १९७४]बी) । यसको अर्थ हो त्यतिखेर टेकनाथ बराल विधिवत रूपमा एक पञ्च नै थिए । बरालसँग सेप्टेम्बर २००६ मा गरिएको कुराकानी ।

[२४] मैले अन्तर्वार्ता गरेका तात्कालिक आरोपित व्यक्तिहरूले आफूमाथि लागेको आरोप अस्वीकार गरेका थिए । आफूहरूलाई "तोड्न" राज्यसत्ताले रचेको षडयन्त्रको रूपमा उनीहरूले यसलाई व्याख्या गरेका थिए । यी अभियन्ताहरू सो घटनामा सामेल नै भए तापनि सो अनौठो चाहिँ हुन्थेन, किनकि यस्ता कार्यहरू स्कट (सन् १९८५) को भाषामा भन्नु पर्दा "कमजोरका अस्त्र" थिए ।

[२५] पञ्चायतकालमा विपक्षीलाई र अझ खास गरी नेपाली काँग्रेसका नेता-कार्यकर्तालाई सत्ताधारीहरूले अराष्ट्रिय तत्त्व र छोटकरीमा "अत" को ढब्बा लगाउँथे ।

> आधारहीन थियो । भएको के थियो भने मेरो कुर्चीमाथि भित्तामा टाँगिएको राजा महेन्द्रको फ्रेम अलि देब्रेतर्फ ढल्किएको रहेछ ।[२६] जानाजानी राजालाई अनादर गर्न त्यसो गरिएको भनियो । अनि त्यसैले म अत भएँ । मलाई अञ्चलाधीशको अफिसमा बोलाइयो । ... उनले पृथ्वीनारायण क्यापसका क्याम्पस चीफ [जर्ज] जोन सरको नेतृत्वमा दुई सदस्यीय [छानबिन] कमिटी गठन गरे । समितिले केही गल्ती भेट्टाएन; र मैले सफाइ पाएँ ।[२७]

यो घटना प्रधानाध्यापक कोइरालालाई नरुचाउने कसैले बदला लिन छुल्याहा लाइदिएकाले भएको हुनसक्छ । सो पदमा आँखा गाडेका उनका कोही प्रतिस्पर्धीको करामत पनि हुनसक्छ । अथवा राजा/राजतन्त्र वा व्यवस्था नरुचाउने कोही विद्यार्थी वा शिक्षकले प्रतिरोध स्वरूप राजाको फ्रेमलाई ढल्क्याइदिएको पनि हुनसक्छ (हेर्नुहोस्, स्कट सन् १९८५) । तथ्य जेसुकै भए पनि यहाँनेर बुझ्नुपर्ने कुरा के हो भने पञ्चायतकालमा कसैलाई कोही व्यक्ति मन नपरेका खण्डमा उसलाई "अत" को आरोप लगाएर दुःख दिन सकिन्थ्यो । एउटा फ्रेमको साधारण ढल्क्याइलाई पनि राज्य वा त्यसका एजेन्टले कसैलाई धम्क्याउने वा "व्यवस्था-विरोधी" लाई तह लगाउने माध्यम बनाउन सक्थे ।[२८]

काँग्रेसी स्कूल[२९] भनेर पनि एकताका चिनिने भद्रकाली मावि कथित "मण्डले" हरूको आक्रमणको पटक-पटक शिकार भयो ।[३०] एक पटक जब राज्य-समर्थित समूहले विद्यालय र कागजपत्र कब्जा गरे तब यो विद्यालय रणभूमिमा परिणत भयो । स्कूल संस्थापना गरेकाहरूको समूहले नजिकैको खुला चउरमा उही नाउँमा विद्यालय चलाए

[२६] पञ्चायतकालमा शासकको तस्बिर प्रधानाध्यापक/हाकिमको कुर्चीमाथि टाँग्नु अनिवार्य थियो—यसले मालिक-चाकरको सम्बन्ध देखाउँथ्यो ।

[२७] पृथ्वीनारायण क्याम्पसबाट सेवा निवृत्त अध्यापक टीकाराम कोइरालासँग नोभेम्बर २००६ मा गरिएको कुराकानी । कोइराला (२०५७) पनि हेर्नुहोस् ।

[२८] राजपरिवारका सदस्यको नाउँको हिज्जे गलत छापिँदा वा उनीहरूका तस्बिर छपाइ गर्दा मसी लतपतिएमा समेत प्रशासनको कोपभाजनमा सम्पादक, प्रकाशकहरू परेका र जेलको हावा खाएका उदाहरण पाइन्छन् । एउटा यस्तै उदाहरण हो *सप्तगण्डकी* साप्ताहिकका सम्पादक भूपनिधि पन्तको गिरफ्तारी, जो तात्कालिक रानी ऐश्वर्यको हिज्जे आफ्नो पत्रिकामा गलत छापिएकाले गिरफ्तार भएका थिए (पराजुली सन् २००९) ।

[२९] यहाँ "काँग्रेसी-स्कूल" ले नेपाली काँग्रेसमा आबद्ध नेता-कार्यकर्ताले स्थापना गरेको र उनीहरूको हालीमुहाली रहेको विद्यालयलाई जनाउँछ ।

[३०] पञ्चायतकालमा राज्य-सत्ता समर्थक विद्यार्थी संगठनको नाउँ राष्ट्रवादी विद्यार्थी मण्डल थियो । पछि, सत्ताको समर्थनमा परिचालित हुने व्यक्तिलाई मण्डले भनेर जानिने भयो ।

भने राज्यसमर्थितले विद्यालयको कम्पाउण्डभित्रै । भवन र प्रशासनको साथ पाए पनि राज्यसमर्थितले चलाएको विद्यालयमा थोरै विद्यार्थी पढ्न गए । विद्यालय स्थापना र सञ्चालनमा भूमिका खेलेकाहरूको स्थानीय प्रभाव र समर्थनका कारण धेरै विद्यार्थी र अभिभावकहरूले खुला चउर रोजे ।

सरकारले बनाएको नयाँ व्यवस्था अनुसार तात्कालिक जिल्ला पञ्चायत उपसभापति भोजराज सुवेदी सो विद्यालयको पनि व्यवस्थापन समितिको अध्यक्ष थिए । पहिले नेपाली काँग्रेसका जिल्ला तहका सक्रिय कार्यकर्ता रहेका सुवेदी पछि पञ्चायती चुनावमा सहभागी भएर जिल्ला पञ्चायत उपसभापति पदमा पुगेका थिए । आफ्ना पुराना साथीहरू भएका कारण उनी सत्ता-इतर समूहप्रति सहानुभूति राख्थे । तर अर्को पक्षलाई राज्यसत्ता र "मशिनरी" को समर्थन थियो । केही समय समानान्तर रूपमा पढाइ चले पनि सो समस्या हल गर्ने प्रयत्न भइरहेकै थियो । अन्ततः कि त दुवै स्कूल एकै ठाउँमा मिसिनु पर्थ्यो, कि तीमध्ये एउटालाई सरकारले "डिरिकग्नाइज" गरेर बन्द गरिनुपर्थ्यो ।

यसैबीच एक रात सत्ता-इतर पक्षका अभियन्ताहरू अबेरसम्म जिल्ला शिक्षा कार्यालयमा वार्ता गरेर घर फर्कंदै गर्दा आक्रमणमा परे । कोही नराम्ररी घाइते भएर अस्पताल लगिए । रातको अँधेरोमा आक्रमण भएकाले आक्रमणकारीको पहिचान हुन सकेन । यो घटनाले पोखरावासीहरूलाई आक्रोशित तुल्यायो र आक्रमणको विरोधमा बजारमा प्रदर्शन गरिए । पञ्चायत व्यवस्था विरोधीले पनि सरकारको आलोचना गर्ने मौका पाए । अन्ततः सत्ता-इतर समूहले अभिलेखहरू गुमाए (जलाइएकाले) पनि र साथीहरू घाइते भए पनि उनीहरू विजयी भए; विद्यालयमा उनीहरूको पकड कायमै रह्यो (कोइराला २०५७; चित्रांगद सिग्देल २०५७; ठाकुर सिग्देल २०५७) ।[३१]

उनीहरूको यो खुसी लामो समय टिकेन । नयाँ शिक्षा लागू हुँदा उनीहरूले यसको मूल्य चुकाउनुपऱ्यो । नयाँ शिक्षा योजना लागू भएपछि थुप्रै स्कूलहरू गाभिएका थिए भने थुप्रै अरूको तह घटुवा गरिएको थियो ।[३२] सबै बिहानी र रात्री स्कूल (जुन कामकाजी र अलि प्रौढहरूलाई लक्षित गरेर खोलिएका थिए) बन्द गरिए । पोखरामा कम्तिमा चार–पाँच ओटा यस्ता विद्यालय बन्द गरिएका थिए । पोखरामा खोलिएको एउटै "दलित स्कूल" समेत राज्यले बन्द गरिदियो । भद्रकाली मावि, रत्न राज्यलक्ष्मी कन्या मावि, र विन्ध्यवासिनी माविलाई पनि तह घटुवा गरेर निमावि तहसम्म मात्र पढाउन इजाजत

[३१] चित्रांगद सिग्देल, रमेशकान्त सिग्देल, टीकाराम कोइराला, किशोर बरालसँग नोभेम्बर २००६ मा गरिएको कुराकानी ।

[३२] नयाँ लागू भएको *शिक्षा ऐन, २०२८* (परिच्छेद १५) ले सरकारलाई धेरै अधिकार दिएको थियो—विद्यालय स्थानान्तरण गर्ने, दुई वा बढी विद्यालय गाभ्ने, विद्यालय बन्द गर्ने वा विद्यालयको नाउँ परिवर्तन गर्ने, आदि ।

दिइयो । विद्यालयको आर्थिक स्वास्थ्य र संस्थापक/अभियन्ताहरूको "इज्जत" मा पनि यो ठूलै धक्का थियो । यसले, माथि भने झैं, माथिल्लो तहमा अध्ययन गर्ने विद्यार्थी संख्या नियोजन गर्ने सरकारको योजना रहेको तथ्य प्रस्ट्याउँथ्यो ।

स्कूलहरूको राष्ट्रियकरण गरेर तिनका सञ्चालक समितिलाई राज्य-संयन्त्रको पकडमा ल्याएर शैक्षिक-संस्था सञ्चालनमा स्थानीयहरूको जुन स्वायत्तता थियो, त्यो सबै खोसिएको थियो । स्थानीय अभियन्ताहरूको बाहुल्य रहेको व्यवस्थापन सहयोग समितिको कुनै अधिकार थिएन । शक्तिहीन तुल्याइए पनि र तह घटुवा गरिए पनि ती विद्यालयका प्रवर्धकहरूले सजिलै हात ठड्याएनन् । आफ्ना सम्पर्क र सञ्जाल प्रयोग गरेर सरकारी निर्णय उल्ट्याउने प्रयत्न उनीहरूले जारी राखे । केही समयपछि कन्या स्कूल र विन्ध्यवासिनी स्कूल आफ्नो घटुवा भएको तहबाट पुनः माविं तहमा उक्लन सफल भए । कन्या स्कूलका तात्कालिक प्रधानाध्यापक लालकाजी बजिमयले बताए अनुसार उनीहरूले आमारानी रत्नको नाम समेत भजाएका थिए ।[३३] भद्रकाली स्कूलले पनि उस्तै प्रयत्न नगरेको होइन, तर पुनः माध्यमिक विद्यालयमा बढुवा हुने उसको यत्न सफल हुन सकेन । यसको एउटा कारण उसको विगत थियो, जसबारे माथि उल्लेख भइसकेको छ ।

विद्यालयहरूको सरकारीकरण र परीक्षाको केन्द्रीकरणले समग्र शिक्षा पद्धतिमा नै दूरगामी नकारात्मक प्रभाव परेको थियो । एउटा महत्त्वपूर्ण असर यी विद्यालयहरूका उत्पादनको विविधता (डाइभर्सिटी) मा परेको देखियो । शिक्षा क्षेत्र पहिलेदेखि नै कथित उच्च जात र स्रोतवाला धनीमानीको पहुँचमा रहँदै आएकोमा सन् १९५१ मा राणा शासन ढलेपछि त्यसमा बिस्तारै परिवर्तन देखिँदै थियो । नयाँ शिक्षा योजनाले पुनः जात/वर्गीय दबदबा कायम गऱ्यो; पुरानै स्थितितर्फ फर्कायो । कसरी त्यस्तो हुन गयो, म तल व्याख्या गर्छु ।

नयाँ शिक्षा योजना लागू हुनुअघि स्थापना भएका मुलुकका करिबकरिब सबै जसो विद्यालय स्थानीय अभियन्ताहरूको सक्रियतामा खोलिएका हुन् । पहुँच पुऱ्याउन सक्ने कतिपय स्कूललाई सरकारले समेत बर्सेनि थोरबहुत सहयोग गर्थ्यो । तर पनि विद्यालय सञ्चालक समितिहरूको सधैँको चुनौती भनेको विद्यालय चलाउन आवश्यक रकमको जोहो गर्नु हुन्थ्यो । विद्यार्थीहरूबाट संकलन गरिने मासिक शुल्क नै विद्यालयका आम्दानीका प्रमुख स्रोत हुन्थे । धेरै विद्यार्थी हुनुको अर्थ विद्यालयको आय राम्रै हुनु र शिक्षकले समयमा तलब पाउनु थियो । त्यसैले, व्यवस्थापन समिति र शिक्षक दुवैको स्वार्थ आफ्ना वरपरका क्षेत्रबाट जति सकिन्छ बढी विद्यार्थी तान्नु हुन्थ्यो । यसका लागि उनीहरू सहयोग खोज्दै आफ्ना इलाकाका सबै जसो घर चहार्थे । विद्यार्थीबाट उठाइने शुल्कले मात्रै सधैँ नचल्ने,

[३३] रानीको नाउँको स्कूलको तह घटुवा गर्नु रानीको समेत अपमान गर्नु हो भन्नुका अतिरिक्त दरबारमा पनि उनीहरूले यथास्थिति कायम राख्न निवेदन दिएका थिए । बजिमयसँग सेप्टेम्बर २००६ मा गरिएको कुराकानी ।

नपुग्ने भएकाले उनीहरूले आफ्नो इलाकाका बासिन्दाबाट नगद वा जिन्सी जे हुनसक्छ संकलन गर्थे । सामान्यतयाः अलि धनीले अलि धेरै, र गरिबले अलि थोरै दिन्थे, तर आफ्नो आय/स्रोतबाट सकेको सहयोग सबै जसोले गर्थे । विद्यालयले उठाउने यो रकम एक हिसाबले अनौपचारिक शिक्षा कर नै थियो, जसको भार अलि गरिबलाई धेरै पर्थ्यो । आफ्नो पनि लगानी परेपछि गरिबले समेत आफ्ना बच्चा पढाउन पाउने माग गर्थे, पठाउँथे । शिक्षक/सञ्चालक समितिलाई पनि विद्यार्थी भएका घरमा सहयोग उठाउन सहज हुन्थ्यो । तर जब स्कूलहरू सरकारीकरण गरिए, समुदायका सदस्य र विद्यालय सञ्चालक बीचको यो सम्बन्ध-सेतु पहिलेको जस्तो रहेन । विद्यालय सञ्चालक र शिक्षकहरूलाई अब घरघर पुगेर विद्यार्थी पढ्न पठाऊ भन्नु परेन । भद्रकाली स्कूलका तात्कालिक प्रधानाध्यापक टीकाराम कोइरालाले आफ्नो अनुभव यसरी बताए :

> नयाँ शिक्षा लागू हुनुअघि जतिखेर म स्कूलमा पढाउँथेँ हामीकहाँ गाउँछिमेकका सबैथरि विद्यार्थी पढ्न आउँथे । अहिले दलित र जनजाति भनिने दमै, कामी, सार्की, गुरुङ र मुश्लिमहरू हाम्रा स्कूलका विद्यार्थी थिए । चन्दा उठाउन हामी घरघरै पुग्थ्यौँ । कसैले एक मानो कोदो मात्र पनि दिन्थे । दिइसकेपछि आफ्ना बच्चाले नि पढ्न पाऊन् भन्ने उनीहरूको माग हुन्थ्यो । हामीलाई पनि जति धेरै विद्यार्थी भए त्यति राम्रो थियो । तर, नयाँ शिक्षा लागू भएपछि यो सबै बन्द भयो । हामीहरू उनीहरूका घरघर गई छोराछोरी पढ्न पठाऊ भन्न छाड्यौँ । उनीहरूलाई छोराछोरी पढ्न पठाउन पर्छ भन्ने कोही भएन । ... यो मैले आफैले देखेको, अनुभव गरेको कुरा हो । ... पछिपछि यी समुदायका बच्चा स्कूल जानै छाडे । [२०]२८ सालपछि दलित तथा जनजातिका विद्यार्थीको संख्या घट्यो । आज पनि कतिपय मुसलमानहरूलाई भेट्दा उनीहरू भन्छन्, "पहिले हजुरहरूले पढाउँदा हामीले छोरछोरी पठाउँथेम्, पछि त्यस्तै भो ।" मैले भेटेका दमै, सार्कीले त्यस्तै भन्छन्, "हजुर हुँदा हामीले बच्चा पठाउनै पर्थ्यो क्यारे, पछि परेन ।" उनीहरूलाई कुनै प्रेसर थिएन । त्यसैले तिनको संख्या ह्वात्तै घट्यो ।[३४]

कास्की जस्ता जिल्लामा नयाँ शिक्षा लागू गर्नु चुनौतीपूर्ण थियो किनभने विभिन्न तहमा पढ्ने विद्यार्थीहरूको अनुपात सरकारले सिफारिस गरेका अनुपातभन्दा पहिल्यै बढी थियो ।[३५] माथिल्ला तहमा पढ्ने विद्यार्थीको संख्या/अनुपात घटाउन तल्लो तहबाटै विद्यार्थी संख्या

[३४] टीकाराम कोइरालासँग नोभेम्बर २००६ मा गरिएको कुराकानी ।

[३५] नयाँ योजना अनुसार विद्यालयहरूले आफूले यसअघि पढाइरहेका विद्यार्थीहरूको संख्या घटाउनुपर्ने थियो । थप जानकारीका लागि मक्याब र पाध्ये (सन् १९७५) हेर्नुहोस् ।

नियन्त्रण गर्न जरुरी थियो । त्यसैले ३ र ७ कक्षामा नयाँ केन्द्रीकृत परीक्षाप्रणाली शुरू गरिएको थियो । यी "व्यवधान" लाई योग्यता नपुगेका विद्यार्थीलाई सरासर कक्षा चढाएर अर्को तहमा पुऱ्याउने कार्य रोक्ने कदमको रूपमा व्याख्या गरिएको थियो । राग्स्डेल (सन् १९८९) ले नयाँ शिक्षा लागू भएपछि नयाँ परीक्षा प्रणालीका कारण कास्कीको एउटा गाउँको लक्ष्मी प्राथमिक विद्यालयले तीन कक्षाका १४ मध्ये ६ विद्यार्थीलाई कसरी असफल बनाउनुपऱ्यो र त्यसमा के-कस्तो चलखेल भयो भन्ने चाखलाग्दो विवरण पस्केका छन् :

> लक्ष्मी प्राविमा वार्षिक परीक्षाफल प्रकाशन गर्ने काम बिनाकुनै व्यवधान सम्पन्न भयो । एक र दुई कक्षामा दलित विद्यार्थीले उच्च अंक पाए, र प्रधानाध्यापकको बधाइ खाए । शिशु कक्षामा एउटा गुरुङ केटो पहिलो भयो । तेस्रो कक्षामा भने १४ मध्ये छ जना असफल भए । तीमध्ये एउटा केटा र एउटी केटी गुरुङ थिए । बाँकीमध्ये एउटा बाहेक अरू लामागाउँ मुनिका गरिब बाहुन केटाहरू थिए । उनीहरूसँगै फेल हुनेमा कक्षाकै एउटा मात्रै दलित केटो पनि थियो । यस्तो परिणाम कसरी निस्क्यो भन्नेबारे जानकारी पाउने जेजति गाउँले थिए, तिनले ती कुरा आफैसँग राखे । (राग्स्डेल सन् १९८९ : १४१)

माथिको उद्धरणको अन्तिम वाक्यले अन्तिम परीक्षाफल निकाल्ने क्रममा केही हेरफेर गरिएकोतर्फ इंगित गर्छ : स्थानीयको आकांक्षासँग मिल्ने गरी विद्यार्थीको प्राप्तांकमा तलमाथि गरिएको थियो । आफ्नो समुदायको फाइदाका लागि परीक्षाको परिणाममा तलमाथि गर्न सकेकाले विद्यालय सञ्चालनमा दूरको सरकारको भन्दा आफ्नो भूमिका र प्रभावकारिता रहेको समुदायले देखायो । तर, यहाँनेर ध्यान दिनुपर्ने महत्त्वपूर्ण मुद्दा के हो भने त्यस क्रममा समुदायका स्रोत-साधनवालाहरूका बच्चा सफल बनाउन केही अरू विद्यार्थी असफल तुल्याइए । लक्ष्मी प्राविको केसमा पल्लो गाउँका बाहुन केटाहरू, र गाउँकै र कक्षाकै एउटा मात्र दलित केटाको भागमा असफलता पऱ्यो । नयाँ शिक्षाभन्दा पहिलेको अवस्थामा पनि फेल हुनेहरू पास बनाइन्थे, तर सायद पास हुनेहरू फेल बनाइन्नथे । नयाँ व्यवस्थामा निश्चित संख्यामा विद्यार्थी फेल हुनै पर्थ्यो, तर समुदायका प्रभावशाली समूहका बच्चा फेल हुन पनि मिलेन । त्यसैले, फेल ती विद्यार्थी भए जो कक्षाको पढाइमा पीँधमा नभए पनि सामाजिक श्रेणी-संरचनाको पीँधमा थिए । यदि यो घटनालाई अपवाद नमानी सामान्य घटना मान्ने हो भने हामीले देख्छौँ : माथिल्लो तहमा जान सक्ने विद्यार्थीको संख्या (प्रतिशत) राज्यले नियमन गर्दा एउटा बहुतहगत नियन्त्रणको पद्धति निर्माण हुन गयो, जसले यथास्थितिको सामाजिक श्रेणी-संरचना (सोसल हायरार्की) लाई पुनःउत्पादन गऱ्यो । अर्थात्, नयाँ शिक्षाले यस्तो संरचना तयार गऱ्यो, जसबाट एउटा नयाँ शिक्षित वर्ग

उत्पादन त भयो, तर त्यो नेपालको स्रोत-साधनवाला वर्ग/उपल्लो जातबाट आउँथ्यो । भर्खर-भर्खर विद्यालय जान मौका पाएका, अभिप्रेरित हुँदै गरेका समाजको पींधमा रहेका वर्गको पहुँचमा पुनः संरचनात्मक बन्देज लाग्यो ।

समग्रमा, धेरै हदसम्म राज्यको माइट (बल) कारगर भयो—स्कूलहरू राष्ट्रियकरण गरिए, परीक्षाका तगाराहरू राखिए, पाठ्यक्रम र पाठ्यपुस्तक मार्फत हस्तक्षेप गरियो । तथापि, माथिबाट लादिएका नीतिहरूलाई तलबाट निरन्तर रूपमा चुनौती दिइयो, र तिनमा धेरथोर आफूलाई मिल्ने गरी परिवर्तन पनि गरियो । अनि जति नै सुविचारित तवरबाट योजना बनाएको भए तापनि नयाँ शिक्षा मार्फत सरकारले प्राप्त गर्न खोजेका सबै अभिष्ट पूरा भएनन् । तर, त्यसले शिक्षा-प्रणालीलाई विकृत चाहिँ तुल्यायो । अनि सामाजिक श्रेणी-संरचनाको पुनःउत्पादन गरिरह्यो ।

निष्कर्ष

पञ्चायतकाल धेरै हदसम्म राणाकालको उत्तरार्ध जस्तै देखिन्छ । सरसर्ती हेर्दा दुई कालखण्डबीच धेरै भिन्नता थिए जस्तो देखिएला, तर सारमा हेर्ने हो भने, अलि मिहिन पाराले केलाउने हो भने, भिन्नताभन्दा ज्यादा समानता देखिन्छ । जे कुरा राणा कालमा खुल्लमखुल्ला हुन्थ्यो, शाह कालमा त्यो गुप्त रूपमा भयो । शाह कालमा, जब व्यवस्था/सिस्टमको अंग नभई सार्वजनिक जीवनमा संलग्न हुने सबै सम्भावना अन्त भए, पहिले विभिन्न सामाजिक संघ-संगठन र राजनीतिक संगठनमा संलग्न अभियन्ताहरू शिक्षा क्षेत्रमा संलग्न हुन गए—कोही सञ्चालक समितिका सदस्य भए, कोही शिक्षक बने । उनीहरूले यो "प्लेटफर्म" लाई राज्यसत्ताको वर्चस्वलाई चुनौती दिने मैदानको रूपमा पनि प्रयोग गरे जुन कुरा राणा शासनको उत्तरार्धमा पनि भएको थियो (हेर्नुहोस्, पराजुली सन् २००८) ।

प्रारम्भमा, आम-शिक्षालाई राज्यसत्ताले समस्याको रूपमा हेरको थिएन । बरु, "कू" लाई वैधानिकता दिन शिक्षा-विकासको नारा उसले उरालेको थियो । विस्तारै उसले स्कूल सञ्चालक समितिहरू मार्फत शैक्षिक संस्थाहरू उपर शिकञ्जा कस्दै गयो । तर, चाँडै नै के कुरा प्रस्ट भयो भने उसले यो क्षेत्रलाई सहजै पकडमा लिन सक्ने छैन । स्नातकहरूको निर्वाचनमा सरकारी उम्मेदवारहरूको निरन्तर पराजय र विद्यार्थीहरूका हड्ताल-आन्दोलनले राज्यसत्तामा कहाँबाट जोखिम आउँदैछ भन्ने देखाउँथ्यो । कर्मचारीतन्त्र र सुरक्षा निकायमा गरिएको व्यापक विस्तारले गर्दा विभिन्न तहको उच्च शिक्षा हासिल गरी श्रम बजारमा आउनेहरूलाई शुरूमा व्यवस्था (राज्य) ले समायोजन गर्न सकेको थियो, तर चाँडै नै सधैँभरि त्यसो गरिरहनु उसको बुता भित्रको कुरा होइन भन्ने प्रस्ट भयो (बराल सन् १९७७) । यस बाहेक, सबैभन्दा धेरैलाई जागिर दिइरहेको शिक्षा क्षेत्र राज्यको सीधा पकडभन्दा बाहिर थियो । अनि शिक्षक र विद्यार्थीहरू राज्यसत्ताका लागि खुट्टाको खिल साबित भइरहेका

थिए । यति हुँदा पनि अर्थ-राजनीतिक कारणले उसले अन्य क्षेत्र जस्तो शिक्षा क्षेत्रलाई सहजै विस्थापन गर्न सक्दैनथ्यो ।

यसपछि राज्यसत्ताले सुविचारित ढंगले बनाइएको नयाँ शिक्षा पद्धतिको योजना कार्यान्वयनमा ल्यायो—समग्र शिक्षा क्षेत्रलाई सम्पूर्ण रूपमा नियन्त्रण गर्न । स्थानीयहरूको सक्रियतामा स्थापित विद्यालयहरू राष्ट्रियकरण गरियो, परीक्षा प्रणालीलाई केन्द्रीकृत गरियो, नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरियो ताकि विद्यार्थीहरूको मनमस्तिष्कलाई एउटा निश्चित ढाँचामा ढाल्न सकियोस् । शिक्षा क्षेत्रलाई नियन्त्रण गर्ने कदममा राज्य धेरै हदसम्म सफल भयो, विस्तारलाई रोक्न पनि केही हदसम्म सफल भयो, तर शिक्षा क्षेत्रबाट आफूले चाहेजस्तो गरी अभियन्ताहरूलाई पूर्ण रूपमा उखेलेर फ्याँक्न ऊ असफल भयो । माथिबाट थोपरिएका नीतिहरूलाई स्थानीय तवरबाट भिन्नभिन्न तरिकाले चुनौती दिइयो, र राज्य "एड्जस्टमेन्ट" गर्न बाध्य भयो, र अन्ततः सन् १९७० को अन्तसम्म पुग्दा समग्र योजना नै फ्याँकिने स्थितिमा पुग्यो (भट्ट सन् २००५) । तर, मूल कुरो यसबीच सुधार गर्नै नमिल्ने गरी क्षति भइसकेको थियो । विकृत "म्यानपावर उत्पादन गर्ने मशिन" ले सामाजिक विषमता र सामाजिक श्रेणी-संरचना पुनःउत्पादन मात्र गरेन कि समाजको तल्लो वर्ग र जात-जातिका मानिसको शिक्षामा पहुँच नपुग्ने र पुगिहालेमा पनि अर्को तहमा पुग्न नसक्ने खालको अवस्था सिर्जना गरिदियो । अहिले सार्वजनिक जीवनको बनोट/संरचनामा सोही "डाइनामिक्स" प्रतिविम्बन भएको देखिन्छ; यो स्रोत-साधनवालाहरूको मात्र पकडमा छ—जात र वर्गका हिसाबले ।

धन्यवाद

पहिले *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* २५(१), २०१९ मा छापिएको यो सामग्री अंग्रेजीबाट मैले नेपालीमा अनुवाद गरेको हुँ । यो लेखका अघिल्ला मस्यौदाहरूमा टिप्पणी गरेर परिमार्जनका लागि सल्लाह-सुझाव दिने प्रत्यूष वन्त, वन्दना ज्ञवाली, कात्सुओ नावा, हर्षमान महर्जन, देवेन्द्र उप्रेती, आदि प्रति आभारी छु । यो लेख विभिन्न सम्मेलनहरूमा प्रस्तुत गर्दाका टिप्पणीकारहरूलाई पनि धन्यवाद दिन चाहन्छु । यो लेख मेरो विद्यावारिधिको शोधपत्रमा आधारित भए पनि यस उपर थप काम "लोकेटिङ पब्लिक फाइनान्स डाइनामिक्स इन एजुकेशन इन नेपाल" शीर्षकको परियोजना अन्तर्गत सम्भव भएको हो । डेनमार्क सरकारको अनुदान सहयोग र डेनिश फेलोशिप सेन्टरले व्यवस्थापन गरेको यो परियोजनाको सञ्चालन मार्टिन चौतारी, आर्हुस युनिभर्सिटी, र काठमाडौँ विश्वविद्यालयले संयुक्त रूपमा गरेका हुन् ।

सन्दर्भ सामग्री

उप्रेती, त्रैलोक्यनाथ । २०३० । शिक्षा योजना नियोजनका लागि होइन, देशको प्रयोजनको लागि अवश्य हो—श्री ५ वीरेन्द्र । *प्रज्ञा* २(४) : १६–२१ ।

कोइराला, टीकाराम । २०५७ । श्री भद्रकाली माध्यमिक विद्यालय । *श्री भद्रकाली मा.वि. स्वर्ण महोत्सव २०५७ स्मारिका*, पृ. १३–१४ । पोखरा : भद्रकाली मा.वि. ।

देवकोटा, गृष्म बहादुर । २०५९ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । तेस्रो संस्करण । काठमाडौँ : साझा प्रकाशन ।

नाम उल्लेख नभएको । २०४२ । पृथ्वी नारायण क्याम्पसको ऐतिहासिक परिचय । *पृथ्वी नारायण क्याम्पसको रजत जयन्ती स्मारिका*, पृ. १–१० । पोखरा : रजत जयन्ती समारोह समिति ।

पन्त, शंकरदेव । २०६१ । नेपाल नेशनल कलेजका समादरणीय प्राचार्य शंकरदेव पन्तज्यूको प्रश्नोत्तरमा आधारित संक्षिप्त जीवनी । *प्राचार्य शंकरदेव पन्त स्मारिका*, पृ. १९–३३ । काठमाडौँ : शंकरदेव पन्त मेमोरियल ट्रष्ट ।

पाण्डे, रुद्रराज, केशर बहादुर के.सी. र ह्यू बी. ऊड, सं. । सन् १९५६ । *नेपालमा शिक्षा : नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण* । काठमाडौँ : कलेज अफ एजुकेशन ।

भट्ट, भीमदेव । सन् १९८२ । उच्च शिक्षाको बदलिँदो स्वरूप : केही चुनौती । *प्रशासन* १३(३) : ६९–८४ ।

मकालु बुक्स । २०६२ । *नेपालको शिक्षा आयोगका प्रतिवेदनहरू* । दोस्रो संस्करण । काठमाडौँ : मकालु बुक्स ।

योञ्जन-तामाङ, अमृत । सन् २०११ । *तिप्लुंगे ठिटो (दोस्रो खण्ड) : सागरतटदेखि सैलुङ शिखरसम्म* । काठमाडौँ : तामाङ प्रकाशन कोश ।

रजमकेस (रजत जयन्ती महोत्सव केन्द्रीय समिति) । २०४३ । *पञ्चायत स्मारिका* । काठमाडौँ : दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव केन्द्रीय समिति ।

राना, गोवर्धन । २०५१ । *प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघ* । काठमाडौँ : ने.वि. संघ, पश्चिमाञ्चल समन्वय समिति ।

राशिसका (राष्ट्रिय शिक्षा समितिको कार्यालय) । २०२९ । *शिक्षा योजना : केही अन्तर्वार्ता* । काठमाडौँ : राशिसका ।

वन्त, प्रत्यूष । सन् २००४ । पञ्चायतको प्रचारमा रेडियो नेपाल, २०१७–२०२२ । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. १६५–१७५ । काठमाडौँ : मार्टिन चौतारी ।

शर्मा, गोपीनाथ । २०६२ । *नेपालमा शिक्षाको इतिहास* । भाग १ । तेस्रो संस्करण । काठमाडौँ : मकालु बुक्स ।

शर्मा, गोपीनाथ । २०६९ । *नेपालको शिक्षाको इतिहास* । भाग २ । काठमाडौँ : मकालु प्रकाशन गृह ।

श्री ५ को सरकार । २०१८क । *जनकल्याणकारी केही महत्त्वपूर्ण ऐनहरू* । काठमाडौँ : गृह मन्त्रालय, श्री ५ को सरकार ।

श्री ५ को सरकार । २०१८ख । *सर्वांगीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट* । काठमाडौँ : शिक्षा मन्त्रालय, श्री ५ को सरकार ।

श्री ५ को सरकार । २०२२ । *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, भाषण र सन्देशहरू* । काठमाडौँ : पंचायत मन्त्रालय, श्री ५ को सरकार ।

श्री ५ को सरकार । २०२८ । *राष्ट्रिय शिक्षा पद्धति २०२८–२०३२ सम्मको योजना* । काठमाडौँ : शिक्षा मन्त्रालय, श्री ५ को सरकार ।

संग्रौला, खगेन्द्र । २०६० । जीवनको त्यो क्षण : सर्प र बिच्छीहरूको जंगलमा । *घोडा, ईश्वर र मेरा बा*, पृ. ७२–९३ । काठमाडौँ : भूँडीपुराण प्रकाशन ।

सिग्देल, चित्रांगद । २०५७ । श्री भद्रकाली माध्यमिक विद्यालय : एक छोटो संस्मरण तथा सान्दर्भिक चर्चा । *श्री भद्रकाली मा.वि. स्वर्ण महोत्सव २०५७ स्मारिका*, पृ. २७–२८ । पोखरा : भद्रकाली मा.वि. ।

सिग्देल, ठाकुर प्रसाद । २०५७ । श्री भद्रकाली मा.वि.को संक्षिप्त जीवनी । *श्री भद्रकाली मा.वि. स्वर्ण महोत्सव २०५७ स्मारिका*, पृ. ७–८ । पोखरा : भद्रकाली मा.वि. ।

सूचना विभाग । २०२५ । *गाउँफर्क राष्ट्रिय अभियान* । काठमाडौँ : सूचना विभाग, श्री ५ को सरकार ।

Agrawal, Govinda R. 1978. The Challenge of Educational Finance in Nepal. In *Financing of Education in Nepal,* pp. 60–127. Kathmandu: National Education Committee, Centre for Economic Development and Administration.

Aryal, Krishna Raj. 1970. *Education for the Development of Nepal*. Kathmandu: Shanti Prakashan.

Baral, L.S. 2012[1972]. Opposition Groups in Nepal, 1960–70. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 285–338. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1973]. The First Panchayat Elections in Nepal, 1962–63. The Emergence of a New Political Generation. In *Autocratic*

Monarchy: Politics in Panchayat Nepal. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 233–250. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1974]a. The New Order in Nepal Under King Mahendra 1960–62. An Assessment. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 179–232. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1974]b. "Class Organizations" in Nepal: Social Control and Interest Articulation. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 251–283. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1975]. King Mahendra's Coup of December 1960: Its Implications in Nepal. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 123–159. Kathmandu: Martin Chautari.

Baral, L.S. 2012[1977]. The Changing Constitutional and Political System of Nepal. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 349–404. Kathmandu: Martin Chautari.

Baral, Lok Raj. 1975. The Dynamics of Student Politics in Nepal, 1965–1975. *International Studies* 14(2): 303–314.

Baral, Lok Raj. 1976. Party-Like Institutions in "Partyless" Polities: The GVNC in Nepal. *Asian Survey* 16(7): 672–681.

Baral, Lok Raj. 1977. Graduates Elections: Political Arena for Opposition. In *Nepal: An Assertive Monarchy*. S.D. Muni, ed., pp. 98–109. New Delhi: Chetana Publications.

Bhatta, Pramod. 2005. Decentralization of Primary Education in Nepal. *Studies in Nepali History and Society* 10(1): 3–38.

Chauhan, R.S. 1970. *Political Development in Nepal 1950–70*. New Delhi: Association Publishing House.

Freire, Paulo. 1970. *Pedagogy of the Oppressed*. New York: Continuum.

GTVNC (Go-To-Village National Campaign). 1975. *The Amended Go-To-Village National Campaign*. Lalitpur: GTVNC, Central Committee.

Gurung, Harka. 1972. *Graduates in Nepal: A Diagnostic Study*. Kathmandu: National Planning Commission (NPC).

Gurung, Harka. 1973. Manpower Needs and the Education Plan. *Education Quarterly* 16(2): 1–10.

Hayes, Louis. 1976. Educational Reform and Student Political Behaviour in Nepal. *Asian Survey* 16(8): 752–769.

Hayes, Louis D. 1981. Education Reform in Nepal: An Evaluation. *Asian Survey* 21(6): 676–688.

HMG (His Majesty's Government). n.d. *On To a New Era: Some Historic Address*. Kathmandu: Ministry of National Guidance, HMG.

HMG. 2028 v.s. *The National Education System Plan for 1971–76*. Kathmandu: Ministry of Education, HMG.

Joshi, Bhuvan Lal and Leo E. Rose. 1966. *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation in Nepal*. Berkeley: University of California Press.

Kumar, Krishna. 1991. *Political Agenda of Education: A Study of Colonialist and Nationalist Ideas.* New Delhi: Sage.

Malla, Kamal Prakash. 1979. *The Road to Nowhere: A Selection of Writings, 1966–1977*. Kathamandu: Sajha Prakashan.

Manandhar, Tirtha M. 1974. Manpower and Education in Nepal: A Survey. In *On Education in Nepal: A Topical Compilation.* Mohammad Mohsin and Prem Kasaju, eds., pp. 9–21. Kathmandu: The Office of National Education Committee.

Manandhar, Tirtha. 1983. Manpower Planning and Manpower Planning Process in Nepal. In *Education and Development 1983.* Pp. 154–182. Kathmandu: Research Center for Educational Innovation and Development (CERID).

Mathema, Kedar Bhakta and Min Bahadur Bista. 2005. *Study on Student Performance in SLC: Introduction to the Study and Its Findings and Recommendations.* Kathmandu: Ministry of Education and Sports.

McCabe, James and N.R. Padhye. 1975. *Planning the Location of Schools: The District of Kaski, Nepal.* Paris: The UNESCO Press.

Mitchell, Edna. 1976. The New Education Plan in Nepal: Balancing Conflicting Values for National Survival. In *The Anthropological Study of Education.* Craig J. Calhoun and Francis A.J. Ianni, eds., pp. 159–170. The Hague: Morton.

Mohsin, M. 1973. Nepal's New Educational Profile. *Education Quarterly* 16(2): 11–20.

Mohsin, Mohammad. 1974. The National Education Plan: An Analytical Introduction. In *On Education in Nepal: A Topical Compilation.* Mohammad Mohsin and Prem Kasaju, eds., pp. 1–8. Kathmandu: The Office of National Education Committee.

Mohsin, Mohammad. 1980. Nepal's Attempts at Educational Innovation. In *Nepal: A Conspectus*. Kamal P. Malla, ed., pp. 44–55. Kathmandu: Ministry of Communications, HMG.

NPC (National Planning Commission). 1968. *Employment of Graduates.* Two Vols. Kathmandu: NPC.

Onta, Pratyoush. 1996. Ambivalence Denied: The Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalese Studies* 23(1): 213–254.

Parajuli, Lokranjan. 2008. From Subjects to Citizens: The Formative Stage of Political Formations in Pokhara. *Studies in Nepali History and Society* 13(2): 361–388.

Parajuli, Lokranjan. 2009. The Historical Evolution of Civil Society: Pokhara (1949–1972). PhD diss., University of Bielefeld.

Parajuli, Lokranjan. 2012. From Controlling Access to Controlling Minds: Experiments in Education in the Late Rana Nepal. *Studies in Nepali History and Society* 17(2): 297–331.

Parajuli, Lokranjan. 2019. Where Interests Collided: Examining the Conflictual Relationship between the Nepali State and Its Citizens through the History of Public Libraries. *South Asia: Journal of South Asian Studies* 42(5): 954–970.

Ragsdale, Tod A. 1989. *Once a Hermit Kingdom: Ethnicity, Education and National Integration in Nepal.* New Delhi: Manohar.

Rappleye, Jeremy. 2019. Origins of the Faith: The Untold Story of Hugh Wood, American Development Assistance in the 1950s, and Nepal's Modern Education System. *Studies in Nepali History and Society* 24(1): 105–141.

Scott, James C. 1985. *Weapons of the Weak: Everyday Forms of Peasant Resistance.* New Haven: Yale University Press.

Shaha, Rishikesh. 1978. *Nepali Politics: Retrospect and Prospect.* Delhi: Oxford University Press.

Sharma, Suresh Raj. 1989. Education: Then and Now. In *Nepal: Perspectives on Continuity and Change.* Kamal P. Malla, ed., pp. 395–404. Kathmandu: Centre for Nepal and Asian Studies (CNAS).

Skerry, Christa A., Kerry Moran and Kay Calavan. 1991. *Four Decades of Development: The History of US Assistance to Nepal (1951–1991).* Kathmandu: USAID, Nepal.

Vir, Dharam. 1988. *Education and Polity in Nepal: An Asian Experiment*. New Delhi: Northern Book Centre.

Wood, Hugh B. and Bruno Knall. 1962. *Educational Planning in Nepal and Its Economic Implications*. Paris: UNESCO.